महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

गौशाला नगरपालिका

महोत्तरी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रदेश नं. १ र प्रदेश नं. २ लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्या - २०७८/७९
च.नं. - १७१

मिति: २०७८/५/४

श्री प्रमुखज्यू,
गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी ।

विषय: लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ को प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(प्रदेश न.१ र प्रदेश न. २ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८।७९
च.नं.: १५९ मितिः२०७८।५।४

श्री प्रमुखज्यू,
गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले गौशला नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।१०।२६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया साथ प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट भएको छैन । अन्तिम प्रतिवेदन पाना ३७ यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षणबाट रु १८ करोड ७९ लाख २० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु १ करोड ६ लाख २० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु १५ करोड ८५ लाख ८० हजार, नियमित गर्नुपर्ने रु. १ करोड २५ लाख १७ हजार र पेश्की बाँकी रु ६२ लाख ३ हजार रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(प्रदेश न.१ र प्रदेश न. २ लेखापरीक्षण महानिर्देशनालय)

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

गौशाला नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६।०७७

- **परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गौशला नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गौशला नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा, ६४ सभा सदस्य, १४४.७३ वर्ग किलोमिटर क्षेत्रफल तथा ६६ हजार ६७७ जनसंख्या रहेको छ ।

- **सेवा प्रवाह** :पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस वर्ष नागरीकता सिफारिस संख्या ११०९, घरबाटो सिफारिस संख्या १५३९, नाता प्रमाणीत संख्या ६६६, जन्म मृत्यु दर्ता संख्या १९९२ र अन्य सिफारिस ६३३२ को भएको उल्लेख गरेको छ ।
- **आर्थिक कारोवारको स्थिती**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सरकारले पेश गरेका प्राप्ती र भुक्तानी हिसावको आर्थिक वर्ष २०७६।०७७ को समग्र आर्थिक कारोवारको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

सि. नं	आय तर्फ		सि. नं.	व्यय तर्फ	
	विवरण	रकम		विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**	**६८४३३२०८.५०**	१	**चालु खर्च**	
	क नगद			क संघिय वित्तीय समानिकरण	११८२७४८९।८४
	ख बैंक ६४६९९७५०			ख प्रदेश वित्तीय समानिकरण	
	ग धरौटी बैंक ३७३३४५८।५			ग राजश्व बाँडफाड	७११४७३५३।६२
२	संघीय वित्तीय हस्तान्तरण			घ आन्तरीक श्रोत	२५१५६४४१
	क संघिय वित्तीय समानिकरण	१६९५०००००	२	पूजीगत खर्च	
	ख सशर्त अनुदान	२३३४११०००		क संघिय वित्तीय समानिकरण	७९२९९९२६।५९
३	प्रदेश सरकारबाट प्राप्त अनुदान			ख प्रदेश वित्तीय समानिकरण	८३३५९५
	क वित्तीय समानिकरण	७९६३०००		ग राजश्व बाँडफाड	३२५२२०६
	ख सशर्त अनुदान	१००००००००		घ आन्तरीक श्रोत	१५७८३६१५
	ग विशेष अनुदान	३०००००००	३	सशर्त अनुदान खर्च	
	घ समपुरक अनुदान	४००००००		क संघीय सशर्त अनुदान	१८५२२७५५३।३६
४	विषयगत निकाय रकम			ख प्रदेश सशर्त अनुदान	१००००००००
	सामाजिक सुरक्षा	१४२८६०१००	४	विषयगत निकाय खर्च	
	स्थानिय पुर्वाधार	१८६५९८६०		सामाजिक सुरक्षा	१४२८६०१००
	बहुक्षेत्रिय पोषण	७४७२९७		स्थानिय पुर्वाधार	१८६५९८६०
	संचितकोषमा सञ्चित रकम	६२३२७६५७।१५		बहुक्षेत्रिय पोषण	७४७२९७
	तराइ मधेश समृद्धि	सशर्तमा समावेश		संचित कोष	
	प्रधानमन्त्रि रोजगार	सशर्तमा समावेश		तराइ मधेश समृद्धि	सशर्तमा समावेश
	राष्ट्रिय पञ्जिकरण	१०९२८५३		प्रधानमन्त्रि रोजगार	सशर्तमा समावेश
५	आन्तरीक आय			राष्ट्रिय पञ्जिकरण	१०९२८५३
	क आन्तरीक राजश्व	२६९५९३७३	५	कोलेनिका।प्रदेशले नि फिर्ता	
	ख अन्य आम्दानि मालपोत	६७०२३९२।९६		क संघीय सशर्त	५४८३३१०८

	ग राजश्व बाडफाड	८३१८७३७२।८५		ख प्रदेश विषेश	
६	धरौटी प्राप्त	१००३९१६४।३५	६	राजश्व दाखिला	
७	विभिन्न कोष आम्दानी		७	धरौटी फिर्ता	५६६५३२०।७५
	क कर्मचारि कल्याण कोष	१००००००	८	कोभिड कोष खर्च	७९८६८४९
	ख प्रकोप कोष	१०८५७०२५	९	फरक परेको हिसाब	१०३७०७१.७८
८	गत वर्षको जिम्मेवारी कम सारिएको	९२६६२८९३।१९	१०	बाकी मौज्दात	
				क बाकी मौज्दात (वैक अनुसार)	३०१४८४६९०
				ख बाकी मौज्दात धरौटी	१२०८७५५३
				ग बाँकि प्रकोप	२९२०३१३.८३
				घ कर्मचारी कल्याण कोष	१५०००००
	जम्मा	९५३४०३१९७.०१		**जम्मा**	९५३४०३१९७.०१

यस वर्षको बाँकी मौज्दात

सि न	शिर्षक	स्रेस्ता अनुसार बाँकी	बैक अनुसार मौज्दात
१	संचित कोष	७२३१३९२८.४६	१९२८७८०६४.६
२	चालु	१२७८३८१८.६३	४५७८१२५७
३	पुजीगत	९१६६८७३.४६	६२८२५३६८.४६
४	प्रकोप कोष	१०८५७०२५	२९२०३१३.८३
५	कर्मचारी कल्याण कोष	१५०००००	१५०००००
६	धरौटी	१२०८७५५२.५	१२०८७५५२.५
	जम्मा	**११८७०९१९८.१**	**३१७९९२५५६.४**

दफा न	लेखापरीक्षणबाट देखियका ब्यहोराहरू	रकम
१.	**असुली** : लेखापरीक्षणको क्रममा वालपोषण वापत सिदार्थ वैकलाई निकासा भएको मध्ये वितरण नभएको रु ६७,९४,८००।००, एन आइ सि वैकलाई निकासा भएको मध्ये वितरण नभएको रु ४८,६१,९००।००, विरेन्द्र जंग थापा र संजिव वरालले नपाउने रकम भुक्तानी लिएको रु १,११,६७२।०० र प्रदेश समपुरक फिर्ता हुनुपर्ने रकम फिर्ता दाखिला ४०,००,०००।०० समेत रु १,५७,६८,३७२।०० असुल भई वैक दाखिला भएको छ ।	
२.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राखुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात रु ३१७९९२५५६.४ र श्रेस्ताको मौज्दात रु ११८७०९१९८.१ देखिएकोले रु १९९२८३३५८.३ ले फरक देखिएको छ । सो फरक सम्वन्धमा वैक समायोजन हिसाव पेश गर्नु पर्दछ । आम्दानी भन्दा खर्च तर्फ रु १०३७०७१।८० ले घटी देखाएको फरक परेको हिसाब सम्बन्धमा कारण स्पष्ट गर्नु पर्दछ । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको पाईएता पनि सुत्रले देखाउने वित्तिय प्रतिवेदनमा सुद्धता देखिएन । कतिपय अवस्थामा हस्तलिखित चेक प्रयोग गरेको पाइयो । जस्तै भौ.नं. २१२ बाट बर्थिग सेन्टरका कर्मचारीको भत्ता रु. ५,४८,३७४/८३ भौ.नं. २१३ बाट कट्टी रकम बैंक दाखिला रु. २३,४४२/- तथा भौ.नं. २११ बाट विभिन्न दायित्वको रकम रु. १७,१२,९६९/०८ समेत हस्तलिखत चेकबाट खर्च गरेको छ । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
३.	**जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर पालिकाको	

लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु १५,७३,६२,६४३।१९ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु ६,४६,९९,७५०।०० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ९,२६,६२,८९३।१९ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको ।

४. **बैंक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्ने रु. १९,९२,८३,३५८।३०

सि न	शिर्षक	स्रेस्ता अनुसार बाँकी	बैंक अनुसार मौज्दात	फरक (बैंक बढी)
१	संचित कोष	७२३१३९२८.४६	१९२८७८०६४.६	१२०,५६४,१३६.११
२	चालु	१२७८३८१८.६३	४५७८१२५७	३२,९९७,४३८.३७
३	पुजीगत	९१६६८७३.४६	६२८२५३६८.४६	५३,६५८,४९५.००
४	प्रकोप कोष	१०८५७०२५	२९२०३१३.८३	(७,९३६,७११.१७)
५	कर्मचारी कल्याण कोष	१५०००००	१५०००००	-
६	धरौटी	१२०८७५५२.५	१२०८७५५२.५	-
	जम्मा	११८७०९११९८.१	३१७९९२५५६.४	१९९२८३३५८.३

५. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु ४५७८१२५७ र पुजीगत खर्च खातामा रु ६२८२५३६८।४६ गरी रु १०८६०६६२५।४६ मौज्दात रहेको पाईयो ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको

बैंक खडा गरेको देखिएन ।

- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा समेत नदिएको तथा इ टीडिएस नगरेको पाइयो ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमको उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

	• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिक र प्रशासनिकसमेत ५६ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा ३५ पदपूर्ती भई २१ पद रिक्त रहेकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ३ नियमावली, ११ कार्यविधि २ निर्देशिका १ विधियक १ मापदण्ड समेत १८ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
६.	**आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्था अनुसार यस वर्ष नगरपालिकालाई प्राप्त हुने अनुदान राजश्व वाडफाड, सशर्त अनुदान तथा आन्तरिक आम्दानीको आन्तरिक लेखापरीक्षण गराएको छैन । ऐनको प्रावधान कार्यान्वयन गर्नुपर्दछ ।	
७.	**स्थानीय संचित कोषः** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार सन्चालन नभएका व्ययहरुको आयव्यय हिसावको छुट्टै संचितकोषको हिसाब राख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले संचितकोषको छुट्टै हिसाब राखेको भएतापनि सो मा वर्षभरी भएको सम्पूर्ण कारोबारको रकमको हिसाब राखी चालु र पूंजीगत खर्च खातामा ट्रान्सफर गरी खर्च खाताहरुबाट आर्थिक वर्षभरी कारोबार गरी वर्षान्तमा बांकी रकम यस कोषमा फिर्ता गर्नुपर्नेमा खर्च खाताहरुबाट समेत सिधैं कारोबार गरेको तथा संचित कोषको हिसाब अध्याबधिक नगरेको कारणले एकिकृत आयव्यय बिवरणले देखाएको हिसाब भिडान गरी यकिन गर्न सकिएन । तसर्थ ऐनमा व्यवस्था भए बमोजिम सञ्चित कोष तथा खर्च खाताहरुको अभिलेख राखी सम्बन्धित खातामा जनाई हिसाब दुरुस्त राख्नुपर्दछ ।	
८.	**बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री आशा लामाले मिति २०७६।०६।६ गते रु. ५९ करोड ९० लाख ९८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।०६।०६ मानै पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७६।०९।२३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानुनले तोकेको समयमा आय र	

व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिने तर्फ ध्यान दिनु पर्दछ।

९. **चौमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु. हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसोचौमासिक	
१	कूल पूजीगत खर्चः	१३२९८३	१२०	८६५३	१२४२१०	१०८७७०
	खर्च प्रतिशत	१००	०.०९	६.५१	९३.४०	८१.७९

१०. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	२००१००००	१५३६५०००	३.८२
सामाजिक क्षेत्र	२४६६९३०००	१८८८०५०००	४६.९६
पूर्वाधार विकास क्षेत्र	१९०८११०००	१०३४८३०००	२५.७५
वित्तीय व्यवस्थापनर सुशासन	७४२२०००	४३४५०००	१.०८
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	१७१२३७०००	९००२५०००	२२.३९
जम्मा	**६३६१७३०००**	**४०२०२३०००**	**१००**

११. **तलवी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ६(ख२) अनुसार कार्यालयले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कार्यालयका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले कर्मचारी तलव भत्तामा रु. २३०६५३४१.१ खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित नभएकोले तलव र ग्रेड भिडान गर्न सकिएन । ऐनको व्यवस्था पालना गरी तलवी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च गर्नुपर्दछ ।

१२. **कर्मचारी करार** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नहुने व्यवस्था छ । पालिकाले विभिन्न पदमा के कति जना करारमा काम गरेको सम्वन्धमा वृस्तित विवरण तयार गरेको देखिदैन । करार सेवाबाट रु १,२६,०१,०९८, अन्य सेवाबाट रु १०,४०,३३८ पदाधिकारी पारिश्रमिकबाट रु १,३६,४१,४३६ लगायत अन्य शिर्षकहरुबाट समेत करारका कर्मचारीलाई तलव भुक्तानी गरेको देखिन्छ। यसबाट पालिकाले आवश्यक भन्दा बढी कर्मचारी करारमा राखेको छैन भन्न सकिएन । यसरी फरक विभिन्न शिर्षकबाट करारको कर्मचारीलाई करार सेवा सुल्क भुक्तानी गरेको छ । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ । अतः सङ्गठन व्यवस्थापन सर्वेक्षणबाट दरवन्दी स्वीकृत गरी यसरी कार्यरत कर्मचारी राख्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

१३. **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु १० लाख ट्रान्सफर

	गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.	१०,००,०००
१४.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको जग्गा किचलो र घरेलु हिंसा सम्वन्धी उजुरीमध्ये मेलमिलाप प्रकृतिका उजुरीको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १६ र यो बर्ष थप भएको १५ गरी कुल ३१ विवाद दर्ता भएकोमा ५ वटा फछ्र्यौट भई १६ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१५.	**भ्रमण अभिलेख एवं प्रतिबेदनः** भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची—६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार रु ८,७९,९२५ भ्रमण खर्च र रु १,७३,२०० अनुगमन मुल्याकंन खर्च गरी जम्मा रु १०,५३,१२५ खर्च लेखेकोमा भ्रमण र अनुगमन अभिलेख व्यवस्थित राखेको छैन । एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको, एकै दिन गएर फर्कन सक्ने स्थान जनकपुर समेतको दैनिक भ्रमण भत्ता भुक्तानी गरेको नियमित देखिएन । नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेरमात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
१६.	**पदाधिकारी सुविधा** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसूची-२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार प्रदेश २ सरकारले २०७७ असाढ ३२ मा राजपत्रमा प्रकाशन गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचिमा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिदैन । तर पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधा वापत श्रावण देखि आस्विनसम्मको रु २४,०७,०००।०० र मासिक अन्य सुविधा वापत रु ७३,१८,५००।०० गरी जम्मा रु ९७,२५,५००।०० भुक्तानी गरेको देखिन्छ।	
१७.	**विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी भुक्तानी दिने परिपाटीमा नियन्त्रण हुनु पर्दछ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ रु. ५१,६८,२३७.०० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
१८.	**कार्यालय सम्बन्धि खर्चः** कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई	

सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय सामानमा रु २३६३९९४ र छपाइ तथा सूचना प्रकाशनमा रु २३,७०,८२७ खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ ।

१९. **मर्मत आदेशः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । नगरपालिकाले मर्मत खर्च भुक्तानी गर्दा केही खर्चमा मर्मत आदेश र मर्मत अभिलेख म.ले.प.फा.नं. २ तयार गरेको छैन। यस वर्ष मर्मत कार्यमा रु. ४०,२९,४७६.९५ खर्च लेखेको छ । यस्ता कार्यमा नियन्त्रण गरी नियमको पालना गर्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

२०. **इन्धन खर्चको मापदण्डः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष इन्धन (पदाधिकारी) मा रु. १७,५६,९४१, इन्धन कार्यालय प्रयोजनमा रु १,४८,३३,८७८. र इन्धन अन्य प्रयोजनमा रु ७१,३८५ खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

२१. **आर्थिक सहायता** - स्थानीय सरकार संचालन ऐन, २०७४ मा नगरपालिकालाई आर्थिक सहायता दिने, शुमकामना तथा समवेदना वापत खर्च लेख्न पाउने व्यवस्था गरेको छैन । आर्थिक सहायताका रुपमा वितरणमुखी कार्यमा खर्च गर्ने प्रवृत्तिमाथि नियन्त्रण गरी पूर्वाधारजन्य विकास निर्माणको कार्यमा खर्च गरी वजेट तथा कार्यक्रमको उदेश्य प्राप्त गर्न ध्यान दिनु पर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष खेलकुद निमित्त विरता स्पोर्टस क्लवलाई रु १२०००० तथा दोभान युवा क्लवलाई रु ३९७४० लगायतको आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२२. **व्यक्तिगत मोटरसाइकलको मर्मत खर्च :** सार्वजनिक सम्पत्ति निजी प्रयोजनमा खर्च गर्न पाइदैन । तर निम्न कर्मचारीको निजी वाइक मर्मत गरेवापत विल पेश गरेको र सोही वमोजिम पालिकाले भुक्तानी दिएको छ । निजी मोटर वाइकमा मर्मत गर्न मर्मत संभार तथा संचालन खर्च शिर्षकवाट इन्धनमा खर्च गरेको छ। अतः सरकारी रकम खर्च गर्ने यस्तो कार्य कानून विपरीत रहेकोले निजहरुबाट असुल गर्नुपर्ने रु ४८०००।००

सि.न.	मिति	भौ.न.	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम
१	०६/२८/२०७६	२३	स्वा. सह. संयोजक अशोक कुमार महतो	१०९५
२	०८/०२/२०७६	१११	स.इ.तिलक बहादुर जिम्म्बा	२४०५
३	०९/२८/२०७६	२७५	सब.इन्जिनियर बिपिन कुमार यादव	२७८०

४	०३/३१/२०७७	६२३	सव इन्जिनयर आकाश कर्ण	१९६८५
५	०३/३१/२०७७	६२५	सव इन्जिनयर संजय कुमार कुशवाह	१५७९९
६	०९/२८/२०७६	२८५	अमिन सतिश यादव	६८८०
			जम्मा	४८६४४

२३. **अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रु ५,५१,१७,२४७।४१ मध्ये रु ५,११,१७,२४७।४१ समयमै फिर्ता नगरी २०७६।०८।१५ मा प्रदेश सरकारलाई र संघिय सरकारलाई फिर्ता गरेको छ । फिर्ता गर्न वाकी रु ४०००००।०० लेखापरीक्षण अवधिमा फिर्ता गरेको वैक भौचर पेश गरेको छ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	२३३४११०००	१८५२९३७५३।५९	४८११७२४७।४१
प्रदेश सरकार	शसर्त	१००००००००	१००००००००	०
	विषेश	३००००००	०	३००००००
	समपुरक	४००००००		४००००००
	जम्मा	**२५०४११०००**	**१९५२९३७५३।५९**	**५५११७२४७।४१**

२४. **आन्तरिक आयः** जिन्सी खाता पाना नं. ३ अनुसार यस वर्ष ४२० ठेली नगदी रसिद छपाई गरेको देखियो । सो नगदी रसिद कसले कति बुझेको र सो बाट कति रकम असुली भएको हो विवरण तथा हिसाब किताब श्रेस्ता पेश गरेको छैन । अनलाईन सिस्टमबाट समेत राजश्व असूली गरेको भन्ने कार्यालको भनाई रहेपनी कुन वडाले अनलाईनबाट कति तथा नगदी रसिदबाट कति राजश्व असूली गरेको छ सो विवरण पेश नभएकोले लेखापरिक्षण हुन सकेन । वडा सचिवहरुले संचित कोष खातामा बैंक भौचरबाट दाखिला गरेको नगदी रसिद तथा मालपोत वापत उठेको रु. ३५,०५,५६३/९७ र रोयल्टी वापत उठेको रु. २६,५८,३५०/- समेत रु. ६१,६३,९१३/९७ को आम्दानी श्रेस्तामा जनाएको छैन । उक्त रकम समेत ४२० थान ठेलीबाट उठेको अन्य रकम समेत कार्यालयबाट छानविन गरी दाखिला आम्दानी गर्नु पर्दछ ।

२५. **असुली गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा वजार तथा खोलाको ठेक्कामा निम्न ठेकदारबाट रु ६९,२२,१०५।९० असुल हुन वाकी देखाएको छ ।

ठेक्काको विवरण	ठेकेदारको नाम	ठेक्का अवधि	ठेक्का रकम	असुली रकम	असुल हुन बाँकी
गोरु वजार	रघु साह तेलि	१ बर्ष	७०५१०००	४८२०४००	
खसी बजार	रघु साह तेलि	१ बर्ष	४६६१०००	१८६४०००	१३१८०२९
खुद्रा वजार	चन्देश्वर साह	१ बर्ष	२५४५०००	१००००००	७३७४५२
विशाल बजार	विरेन्द्र यादव	१ बर्ष	१४१०००	४००००	५६२६०
विरेन्द्र वजार	लक्ष्मण महतो	१ बर्ष	१७१०००	१४५९००	
कान्ति वजार	राजेश्वरसिंह कु	१ बर्ष	२५००००	१७०६७५	
जमुनिया वजार	श्रीदेव कु दनुवार	१ बर्ष	१७०००	११६१०	
खोला ठेक्का	ऋषिकेश साह	३ महिना	९६२१३६४।९०	४८११०००	४८१०३६४।९०
खोला ठेक्का	अनिस कन्ट्रक्सन	३ महिना	११५२०६१५।४२	५७६०११५।४२	मुद्दा परेको
		जम्मा	३५९७७९८०।३२	१९४२३७००।४२	६९२२१०५।९

तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने

	राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्रासीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौता अनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु.	६९२२१०५।९०
२६.	**मिन्हाः** नगरकार्यपालिकाले निम्नानुसार आयमा छुट दिएको छ । छुट दिन पाउने आधार पेस हुनुपर्ने रु	४७०७६७६।८३

ठेक्काको नाम	ठेकेदारको नाम	कबोल अंक	असुली अंक	मिन्हा रकम
गोरु बजार	रघु साह, तेली	७०५१०००	४८२०४००	२२३७३३६/५४
खसी बजार	रघु साह, तेली	४६६१०००	१८६४०००	१४७८९७१/१५
खुद्रा हाट बजार	चन्द्रेश्वर साह	२५४५०००	१००००००	८०७५४८
विशाल बजार	विरेन्द्र यादव	१४१०००	४००००	४४७४०
विरेन्द्र बजार र दिपेन्द्र	लक्ष्मण महतो	१७१०००	१४५९००	५४२५९/६१
कान्तिबजार	रामेश्वर सिंह कुसवाह	२५००००	१७०६७५	७९३२६
जमुमिया बजार	श्री देव कुमार दनुवार	१७०००	११६१०	५३९४
जम्मा				४७०७६७६।८३

२७.	**आय ठेक्काः** मडहा खोलाको २३,८३,७४० क्यू. फिट र बाके खोलाको २२६०१२८ क्यू फिट नदि जन्य सामाग्री संकलनको लागि क्रमसः रु. ७१,५१,२२०/- र रु. ६७,८०,३८४/- न्यूनत्तम मूल्य कायम गरी वडावडको लागि १५ दिने सूचना अन्नपूर्ण पत्रिकामा मिति ०७६/११/५ मा प्रकाशन गरेको छ । सूचना बमोजिम बोलपत्र ८ थान विक्री भई ५ वटा दर्ता भएको छ । निम्न ठिकेदारले निम्नानुसार कबोल गरेको देखियो ।	

ठेकेदार	मडहा खोलाको	ठेकेदार	बांके खोलाको
पंचधुरामाई	१२९९५०००	पंचधुरामाई	१०८५४२६४/७२
पंचधुरा मोटर्स	१७०६३०००	पंचधुरा मोटर्स	१४१२५०००
अनिश कन्स्ट्रक्सन	२४२४२६३५	बाबा कारिक बालुवा गिट्टी वासिंग सेन्टर	२२९८५५०१/७६
खुश लगरी भाई	१४१९५४१०	खुश लगरी भाई	१०१३९१६०/२२
यूवराज कन्स्ट्रक्सन	रकम उल्लेख नभएको	लक्ष्मीनिया माई बालुवा गिट्टी प्रशोधन उद्योग	रकम उल्लेख नभएको

२८.	बोलपत्र मूल्यांकन समितिको मिति २०७६/११/२९ को निर्णयानुसार मडाहा खोलातर्फ प्रारम्भिक मूल्यांकनमा अन्य ४ लाई अयोग्य भएको भनी अनिस कन्स्ट्रक्सनलाई मात्र पास गरेको छ । वित्तिय प्रस्ताव खोल्दा ४६.३०% छुट गरी अनिष कन्स्ट्रक्सनको रु. १,३०,१८,२९५/४२ मा सम्झौताको लागि आसयको सूचना प्रकाशन गर्ने निर्णयानुसार मु.अ.कर बाहेक रु. १,१५,२०,६१५/४२ मा सम्झौता गर्न बोलाएकोमा मिति २०७७ जेष्ठ मसान्त सम्म २३८३७४० क्यू.फिट नदिजन्य पदार्थ निकाल्न पाउने गरी मिति २०७६/१२/७ मा सम्झौता गरेको छ । त्यस्तै बांके खोलाको हकमा २०७६/११/२९ को मूल्यांकन समितिको प्रारम्भिक/ प्राविधिक मूल्यांकनमा बाबा कारिक बालुवा गिट्टी वासिंग सेन्टर बाहेक अन्यलाई अयोग्य भएको भनी निजको आर्थिक प्रस्ताव खोल्दा ५२.७० प्रतिशत छुट भनी रु. १,०८,७२,१४२/३३ मा मु.अ.कर बाहेक रु. ९६,२१,३६४/९० को ठेक्का स्विकृत गरी आसयको सूचना टांस गरी चैत्र ९ गते सम्झोता गरी जेष्ठ मसान्त सम्मको अवधि तोकेको छ । सो रकमको ५०% ले हुने रकम सम्झौताको समयमानै संचित कोषमा दाखिला गरेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छ ।	
२८.१.	बांके खोलाको ५० प्रतिशतले जम्मा गरेको रकम रु. ४८,११,०००/- को मु.अ.कर रु. ६,२५,४३०/- संघिय संचित कोषमा दाखिला नगरेको र मडहा खोलाको रु. ५७,६०,५०० ले मु.अ.कर रु. ७,४८,८६५ समेत रु १३,७४,२९५ संघिय संचित कोषमा दाखिला नगरेको रु	१३७४२९५
२८.२.	आई.ई.ई. को रिपोर्टमा मडहा खोलाको ६७५०० घनमीटर र बांके खोलाको ६४००० घनमीटर	

	नदीजन्य वस्तु उत्खन्नन गर्न सक्ने व्यहोरा उल्लेख भएकोमा सूचना प्रकाशन गर्दा घन फिटमा उल्लेख गरेको छ ।	
२८.३.	सूचना प्रकाशन गर्दा कुनै पनि शर्त मान्य हुने छैन भनेकोमा शर्त सहितको बोलपत्रलाई मान्यता दिई मडहा खोलामा तेश्रो बढी बाला र बाके खोलामा चौथो बढी बालाको ठेक्का स्वीकृत गरेको देखियो । वढी रकम कवोल गर्ने ठेकदारलाई प्राविधिक मूल्याकनमा असफल गराउनु पर्नाको कारण सम्वन्धमा आवस्यक छानविन हुनुपर्दछ।	
२८.४.	आय बोलपत्रको मुल्याकन गर्दा उठान गरिएको मुचुल्कामा डिस्काउन्ट लेटर मात्र उल्लेख गरी डिस्काउन्ट दर उल्लेख नगरेको तर पछि छुट्टै पत्र संलग्न गरेको देखियो । जसबाट सम्झौताको बखतमा नै मडहा खोलामा रु. ४०,४४,७०४/५८ र वाके खोलामा रु. ३२,५२,८५२/- समेत रु ७२,९७,५५६।५८ स्थानिय सरकारलाई घाटा हुनेगरी सम्झौता भएको देखियो । यस्तो सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवारी वनाइनु पर्दछ।	
२८.५.	चैत्र ११ गते देखि लकडाउन भएको कारण नदीजन्य पदार्थ उत्खन्न गर्न नपाएको भनी अग्रिम बुझाएको ५०% रकम अनिश कन्सट्रक्सनले माग गरेको देखिन्छ । तर सो समयमा निर्माण कार्य भै रहेकोले निर्माण कार्यलाई चाहिने नदिजन्य पदार्थ उत्खन्न गर्न नपाएको भन्ने निवेदन आफैमा नमिल्ने देखिन्छ ।	
२९.	**सवारी करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।	
३०.	**मनोरञ्जन करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा हल, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत थियटर, मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।	
३१.	**भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाको सरसफाईको निम्ति विकासको लागि सामुदायिक युवा केन्द्र गौशालासँग सोझै खरिद विधिबाट मासिक रु. १,७५,०००।— का दरले दिने गरी सम्झौता गरी यस वर्ष रु. २१,००,०००।— भुक्तानी गरेको देखियो । सेवा प्रदान गर्दा वार्षिक रु २० लाख भन्दा वढीको कारोवार गर्दा अनिवार्य भ्याटमा दर्ता हुनु पर्ने व्यवस्था छ। विकासको लागि सामुदायिक युवा केन्द्र गौशाला प्यानमा मात्र दर्ता रहेको छ । यस सन्दर्भमा सेवामा १५ प्रतिशत श्रोतमा कर कटी गरी रु ३,१५,००० राजस्व दाखिला गर्नु पर्नमा १.५ प्रतिशतले रु ३१,५०० मात्र कटी गरेकोले वाकि नपुग कर रकम रु २,८३,५०० असुल गरी राजस्व दाखिला गर्नु पर्ने रु	२८३५००
३२.	**कर बिजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० (२) वमोजिम कुनै व्यक्तिले कारोवार गरेको वस्तु वा सेवामा कर लाग्ने भएमा ३० दिन भित्र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले रित पूर्वकको कर वीजक बेगर सिटी एक्सप्रेस भ्याट नं ६०५४२१९९४ बाट वार्षिक गाडी भाडामा लिदा रु १२,९६,०००।०० भुक्तानी गरेको छ । मु.अ.करमा दर्ता भएको विक्रेताले भाडामा दिएको मूल्यको कर विजक जारी गर्नु पर्नेमा सो नगरी	

	भुक्तानी अनुरोध पत्रमात्र जारी गरेको भरमा भुक्तानी गरेको छ। उक्त मूल्यमा समावेस भएको मूल्य अभिबृद्धी कर सवारीसाधन भाडा प्रदायक सिटी एक्सप्रेस भ्याट नं ६०५४२१९९४ बाट रु १,४९,०९७।३४ असुल गरी संचित कोषमा दाखिला गरी नियमित हुनुपर्ने रु	१२९६०००
३३.	**रितपूर्बकको कर बिजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले रित पूर्वकको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु ३,९९,१११ समेतको सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु	३९९१११

गो.भा.नं. / मिति	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	मु.अ.कर रकम	कर विजकको अवस्था
	समानिकारण पूजीगततर्फ			
७/८/३०	जय श्री लक्ष्मी ट्रडर्स	६५२७५/९५	१०९६०	हस्तलिखित
२६/२/२१	शुभ शिवम गिट्टी बालुवा वासिंग सेन्टर	६७८००	७८००	हस्तलिखित
	शुभ शिवम गिट्टी बालुवा वासिंग सेन्टर	२७१२०	३१२०	हस्तलिखित
	शुभ शिवम गिट्टी बालुवा वासिंग सेन्टर	३३९००	३९००	हस्तलिखित
	ओम हार्डवेयर स्टोर्स	७४५८०	८५८०	हस्तलिखित
१३३/३/२४	शुभ शिवम गिट्टी बालुवा वासिंग सेन्टर	१३५६०	१५६०	हस्तलिखित
१८९/३/३१	जय बाबा मंगलनाथ हार्ड वेयर स्टोर्स	४८४९९	५५७९	हस्तलिखित
	संघिय शसर्ततर्फ			
१५।०३।३१	ओम हार्डवेयर	२९७६४०	३३०९१	हस्तलिखित
१५।०३।३१	ओम हार्डवेयर	३१८५२४	३६६४४	हस्तलिखित
	प्रदेश सरकार हस्तान्तरिततर्फ			हस्तलिखित
२।०३।२५	देव जेनेरल अर्डर सप्लायर्स	३४५१००	३५१००	हस्तलिखित
२।०३।२५	जेवि इन्टरप्रइजेज	३८७३६४	४४५६४	हस्तलिखित
	स्थानिय पूर्वाधारतर्फ			
१।०३।२३	लवकुश फिक्स इटा उधोग	२८६१३८	३२९१८	हस्तलिखित
३।३।२३	समा इन्टरप्राइजेज	६३२५५४	७२७७०	हस्तलिखित
९।०३।२	ओम हार्डवयर ४ थान	८१९४५४	९४२७३	हस्तलिखित
९।०३।२	ओम हार्डवयर ४ थान	७१७३१	८२५२	हस्तलिखित
	जम्मा		३९९१११	

३४.	**नन्फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. ११,२०,४१८ समेत रु. ९७,३९,०१८ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । अतः कानूनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.	११२०४१८

गो.भा.नं. / मिति	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	मु.अ.कर रकम	नन्नफाइलर रहेको मिति
	समानिकरण पूजीगत तर्फ			
३५/२/३०	जय मां जल्पा बालुवा गिट्टी वासिंग सेन्ट्रर	४५३४१	५२१६	०७७ बेशाख
४२/३/३	तिरुपति बालाजी सप्लार्स तथा तिरूपति बालाजि निर्माण सेवा	४७५९५६	५४७५६	०७७ बेशाख
४८/३/३	जय मां जल्पा बालुवा गिट्टी वासिंग सेन्ट्रर	२८२५०	३२५०	०७७ बेशाख
५१/३/७	जय मां जल्पा बालुवा गिट्टी वासिंग सेन्ट्रर	९४९२०	१०९२०	०७७ बेशाख
६८/३/१२	जय मां जल्पा बालुवा गिट्टी वासिंग सेन्टर	१९५१५१	२२४५१	०७७ बेशाख

६८/३/१२	जय मां जल्पा बालुवा गिट्टी वासिंग सेन्टर	४६४०५७	५३३८७	०७७ बेशाख
८४/३/१८	जय मां जल्पा बालुवा गिट्टी वासिंग सेन्टर	५३९०१	६२०१	०७७ बेशाख
८४/३/१८	जय मां जल्पा बालुवा गिट्टी वासिंग सेन्टर	२७३६८	३१४८	०७७ बेशाख
११०/३/२२	गौशाला कन्स्ट्रक्सन	७२८०००	८३७५२	०७७ बेशाख
१३५/३/२४	मां जानकी डिप टयूवेल बिरिंग उघोग, धनुषा	४०३९७५	४६४७५	०७६ श्रावण
१५०/३/२६	जय मां जल्पा बालुवा गिट्टी वासिंग सेन्टर	१२६५०	१४५५	०७७ बेशाख
	महारानी स मील	१३५६००	१५६००	०७६ आश्विन
१५१/३/२६	मां जानकी डिप टयूवेल बिरिंग उघोग, धनुषा	४८८१०	५६१५	०७७ बेशाख
१४७/३/२६	मां जानकी डिप टयूवेल बिरिंग उघोग, धनुषा	३७४५९५	४३०९५	०७६ श्रावण
१५९/३/२६	जय मां जल्पा बालुवा गिट्टी वासिंग सेन्टर	२७१४२	३१२२	०७६ आश्विन
१६१/३/२६	काली बनी बालुवा प्रशोधन उधोग, गौशाला	१२०८९९३	१३९०८७	०७६ आश्विन
	काली बनी बालुवा प्रशोधन उधोग, गौशाला	११०००००	१२६५५३	०७६ आश्विन
	काली बनी बालुवा प्रशोधन उधोग, गौशाला	८९९९९	१०३५३	०७६ आश्विन
१६८/३/२८	वृहस्पति निर्माण सेवा एण्ड सप्लार्य प्रा.ली.	२१४७००	२४७००	०७६ असार
१७९/३/२९	महारानी स मील	४५२००	५२००	०७६ आश्विन
१८८/३/३१	जय मां जल्पा बालुवा गिट्टी वासिंग सेन्टर	९०३३२	१०३९२	०७७ बेशाख
१९१/३/३१	जय मां जल्पा बालुवा गिट्टी वासिंग सेन्टर	११०१७५	१२६७५	०७७ बेशाख
१८९/३/३१	जय मां जल्पा बालुवा गिट्टी वासिंग सेन्टर	१६९११५	१९४५५	०७७ बेशाख
१९०/३/३१	जय मां जल्पा बालुवा गिट्टी वासिंग सेन्टर	२३७३०	२७३०	०७७ बेशाख
१९०/३/३१	जय मां जल्पा बालुवा गिट्टी वासिंग सेन्टर	२८३१७	३२५७	०७७ बेशाख
	संघिय सशर्त तर्फ			
१३।०७७।३।३०	निलम इटा उधोग	२१६९६०	२४९६०	२०७५ चैत्र
१३।०७७।३।३०	जयमा जल्पा वालुवा गिटी वासिग सेन्टर	१६९०४८	१९४४८	०७७ वैसाख
१५।०३।३१	अनुस्का इन्टरप्राइजेज	५३०८७	६१०७	२०७६ भाद्र
१५।०३।३१	जयमा जल्पा वालुवा गिटी वासिग सेन्टर	३१८४३	३६६३	२०७७ वैशाख
१८।०३।३१	निलम इटा उधोग	३११८८०	३५८८०	०७५ चैत्र
१८।०३।३१	न्यू विना ट्रेडर्स	१०१४३५	११६६९	२०७६ फाल्गुण
२०।०३।३१	जयमा जल्पा वालुवा गिटी वासिग सेन्टर	२५९६७	२९८७	२०७७ वैसाख
४।०२।२७	जयमा जल्पा वालुवा गिटी वासिग सेन्टर	८८००	११४४	०७७ वैसाख
४।०२।२७	निलम इटा उधोग	९०४००	१०४००	०७५ चैत्र
	स्थानिय पूर्वाधार विकास			
५।०३।०७	महारानी स मिल	११२८८७०	१२९८७०	२०७६ आस्विन
९।०३।२७	जयमा जल्पा वालुवा गिटी वासिग सेन्टर	५६६१३	६५१३	०७७ वैसाख
१५।०३।२७	जयमा जल्पा वालुवा गिटी वासिग सेन्टर	६४९१८	७४६८	०७७ वैसाख
१५।०३।२७	जयमा जल्पा वालुवा गिटी वासिग सेन्टर	१९६७८५	१२२८५	०७७ वैसाख
१५।०३।२७	महारानी स मिल	८१३६००	९३६००	०७७ वैसाख
	जम्मा	९७३९०१८	११२०४१८	

३५. **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस पालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रु ३७,६४,०००।०० बजेट विनियोजन गरेकोमा १२ वडामा समान रुपमा रु ३,१३,००० को आयोजना तथा बजेट वाडफाड गरी सामुदायिक आयोजना संचालन र कार्यान्वयन गर्ने भनी मिति २०७७ असार १ गतेको कार्यपालिकाले निर्णय गरेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा कृषिसडक, नालासरसफाई, बृक्षारोपण तथा फुल वगैचा निर्माण, खोलामा वाध निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २४० जनालाई रोजगारी उपलब्ध गराई रु ३३,७३,३९५।५० खर्च गरेको देखिन्छ । लक्षित वर्गलाई ६ दिनदेखि २२ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला,

<table>
<tr><td></td><td>प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन भने वडाको वेरोजगारीको संख्या निर्धारण गरी सोहो वमोजिम वडाको आवस्यक्ताको आधारमा कार्यक्रम संचानन नगरी सबैलाई समानरुपमा बजेट वितरण गरेको देखियो । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छनः</td><td></td></tr>
<tr><td>३५.१.</td><td>सवै कार्यक्रम रोजगार उपभोक्ता समितिको गठन गरी संचालन गरेपनि ति कार्यक्रममा भुक्तानी गर्दा काटिएको १ प्रतिशत कन्टेन्जेसी रकम खर्च नभएकोले संघिय सरकारको संचित कोषमा दाखिला गर्नु पर्ने रु</td><td>३३७३३</td></tr>
<tr><td>३५.२.</td><td>श्रमिकलाई बैक खाता खोली चेक मार्फत भुक्तानी गर्नु पर्नेमा वार्षिक रु २०,५०,७७०।०० रोजगार संयोजक श्री नवनित कुमार झाले वुझी श्रमिकहरुलाई भुक्तानी गरेकोले यसमा नियन्त्रण हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>३५.३.</td><td>यस कार्यक्रम अन्तर्गत भएका प्रमुख कार्य रोजगरी सिर्जना भएको अवधि, रोजगार पाउनेको संख्या र खर्च समेत समावेश गरी अनिवार्य रुपमा प्रतिवेदनमा समावेश गर्नु पर्नेमा कुनै प्रतिवेदन पेश गरेको छैन।</td><td></td></tr>
<tr><td></td><td>समानिकरण चालु तर्फ</td><td></td></tr>
<tr><td>३६.</td><td>सफ्टबेयर खरिद - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले राजस्व संकलन सम्वन्धी सफ्टवेयर रु ४,८९,८५५ र इहाजिरी सम्बन्धी सफ्टवेयर रु ४,८९,८५५ मा खरिद भएकोमा सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । यसैगरी राजस्व संकलन गर्ने सफ्टवेयर खरिद गर्दा सम्झौतामानै तालिम खर्च रु ६५००० आपुर्तकले व्यहोर्ने भनेपनि तालिम वापतको खर्च कार्यालयले नै व्यहोरेको छ। तालिमको खर्च कार्यालयले छुटै व्यहोरेको अवस्थामा आपूर्तकलाई सो वापत भुक्तानी भएको रु ६५००० असुल हुनुपर्ने रु</td><td>६५०००</td></tr>
<tr><td>३७.</td><td>प्रोत्साहन भत्ताः ४८६।०७७।३।४ वाल विकास सहयोगी कार्यकर्ता ४९ जनालाई प्रोत्साहन भत्ता वापत रु ६,००,००० खर्च लेखिएको छ । वालविकास कार्यकर्तालाई प्रोत्साहन वापत भत्ता दिने कानुनी व्यवस्था तथा आधार पेश गर्नु पर्ने अन्यथा असुल हुनुपर्ने रु</td><td>६०००००</td></tr>
<tr><td>३८.</td><td>दैनिक भ्रमण भत्ता : भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम ८ मा १५ किलोमिटर भित्र भ्रमण गर्दा यातायात भाडा बाहेक दैनिक भत्ता नपाउने व्यवस्था छ । नगरपालिकाका कर्मचारीहरुले कार्यालयमा हाजिर भएको दिनमा एवम १५ किलोमिटर भित्र भ्रमण गर्दा समेत भ्रमण खर्च लिएको देखिन्छ। यसरी कार्यालयमा हाजिर भएको दिनमा र १५ किलोमिटर भित्र भ्रमण गर्दा लिएको भमण खर्च निजहरुबाट असुलउपर गर्नु पर्दछ । लेखापरिक्षणको क्रममा देखिएका निम्न भ्रमण खर्च बापतको भुक्तानी असुल उपर गर्नु पर्ने रु
<table><tr><th>गो भौ न</th><th>कर्मचारीको नाम</th><th>अवधि</th><th>भ्रमण खर्च</th><th>कैफियत</th></tr><tr><td>१९५</td><td>नविनतम कुमार झा</td><td>०७।२८ देखि ७।२९ सम्म</td><td>२४००</td><td>हाजिरी रजिष्टरमा हाजिरी देखिएको</td></tr><tr><td>२००</td><td>नविनतम कुमार झा</td><td>०८।०६ देखि ८।०८ सम्म</td><td>४१००</td><td>हाजिरी रजिष्टरमा हाजिरी देखिएको</td></tr><tr><td>२८२</td><td>सरोज कुमार महत्तो</td><td>०८।२७ देखि ९।०६ सम्म</td><td>८०००</td><td>कार्यालयबाट ७ किमिको दुरीमा</td></tr></table></td><td>१४५००</td></tr>
</table>

	जम्मा १४५००	
३९.	**विल भरपाई :** ६२२।०७७।३।३१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्दछ। पोल वत्ती जडान तथा महशुल भुक्तानी उपभोक्ता समितिवाट ५० थान सडक वती जडान गरेवापत भनी रु ३,९५,५०० खर्च लेखेकोमा रु ३,४३,६७८।२० को मात्र विल भरपाई पेश भएकोले नपुग रकमको विल भरपाई पेश गर्नु पर्ने अन्यथा असुल हुनु पर्ने रु	५१८१२
४०.	**वितरण भरपाई :** ५९२।०७७।३।२९ विपद व्यवस्थापनको निम्ति भनी लाइफ ज्याकेट, स्टिल वाल्टिन, हेल्मेट लगायत विभिन्न परीणामका सामाग्री असार १५ मा राइज ट्रेड इन्टरनेसनलवाट रु २५७१८८ मा खरिद गरेकोमा लागत अनुमान माग फारम खरिद र भुक्तानी गर्नको निम्ति स्वीकृति तथा कार्यादिस र वितरण विवरण समेत छैन। अतः वितरण भरपाई पेश हुनुपर्ने रु	२५३७७४
४१.	**स्वास्थ्य शिविर** ३४४।०७६।१२।२९ स्वास्थ्य शिविर संचालन तथा सक्रामक रोग सम्वन्धी जनचेतनामुलक अभियान कार्यक्रममा वडा भित्रकै कार्यक्रममा समेत आतेजाते भनी २६ जना कर्मचारीलाई दिनको रु ५०० को दरले ५ दिनको रु ६५००० तथा स्थास्थ्य शिविरमा खटिएको भनी वडा समिति सहितको अन्य २६ जनाले रु ५०० का दरले रु २६००० गरी जम्मा रु. ९१००० भुक्तानी भएको देखिन्छ । यसरी वडा भित्रकै शिविरमा समेत वडासमितिका सदश्य र कर्मचारीले लिएको भत्ता भुक्तानी नियमित नदेखिएको रु	९१०००
४१.१.	उपरोक्त शिविर मंसिर ८ मा जम्मा १ दिन संचालन भएको अवस्थामा २ दिनको रु २६००० भत्ता भुक्तानी भएकोले वढी भुक्तानी भएको १ दिनको भत्ता असुल हुनुपर्ने रु	१३०००
४१.२.	यसैगरी यस शिविरको निम्ति वेनर पप्लेट पोस्टर वापत रु १०००० खर्च विल संलग्न रहेको देखिन्छ । तर पप्लेट कम्प्युटरवाट प्रिन्ट गरेको कपीमात्र संलग्न रहेको छ। अतः वेनर पप्लेट पोष्टर छापिएको नदेखिएकोले असुल हुनुपर्ने रु	१००००
४२.	**पोषण कार्यक्रम :** १९२।०७७।३।३० आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार रकम खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्दछ । पोषण कार्यक्रम अन्तर्गत भटमास पेष्ट ८० ग्राम दात भाइने ११५० पिस खरिद गरी गर्भवती सुत्केरी तथा पाच वर्षमुनिका वालवालिकालाई वाडेको भनी रु २०६८७३ खर्च लेखेपनि वितरण गरेको भरपाई पेश गरेको छैन । अत भरपाई पेश हुनु पर्ने रु	२०६८७३
४३.	**भरपाई** १९८।०७७।०३।३० आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राखु पर्दछ । सिअहेव तेज नारायण यादवले पेश्की फछ्यौट गर्दा रु ७०,००० मा रु ३१,३०४।५० को मात्र विल भरपाई पेश गरेको छ । अतः विल भरापाई वेगर फछ्र्यौट गरेकोले वाकी रु ३८,६८९।५० को विल भरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु	३८६८९।५०
४४.	**बडी भुक्तानी :** ३४४।०७६।१२।२९ ०७६ मसिंर ८ मा वडा न ८ खाल्टेवजार स्वास्थ्यचौकीमा स्वास्थ्य शिविर संचालन गर्दा डा विनोद कुमार यादव र डा विज्रमोहन यादवलाई आतेजाते वापत रु १०००० भुक्तानी गरेको भरपाई संलग्न भएको देखिन्छ । २ जनालाईनै जनकपुरवाट ल्याउन र पुर्याउने गरेवापत रु ५००० भुक्तानी गरेको भरपाई संलग्न छ । यसरी कार्यालयले गाडी भाडा भुक्तानी गरी लाने र लैजाने गरे पस्चातपनि आतेजाते वापत भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु	१००००
४५.	**प्रमाण :** १२०।०७७।२।२३ स्वास्थ्यका ९ जना कर्मचारीलाई ०७३ श्रावणदेखि ०७६ चैत्रसम्मको छुट ग्रेड वापत रु ६,२२,०१२।०० भुक्तानी गरेको छ । सो भुक्तानीसंग सम्वन्धित	

	पदस्थापन नियुक्ति लगायतको कागजात उपलव्ध गरेको छैन । अतः यस सम्वन्धी कागजात पेश हुनुपर्ने रु	६२२०१२
४६.	**वितरण भरपाई :** ५६।०७६।९।२० आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्दछ । आमा सुरक्षा कार्यक्रम अन्तगर्त एस आर मल्टिट्रेड प्रा लि मिथिलावाट ५५६ थान न्यानो झोला खरिद गरी वितरण गरेको भनी रु ४,९२,२३२।०० खर्च लेखेको छ । तर वितरण भरपाई तथा तस्विर उपलव्ध नभएकोले वितरणको भरपाई पेश हुनुपर्ने रु	४९२२३२
४७.	**सहभागिता भत्ता :** १०६।०७७।०१।१५ मेयर उपमेयर र ९ वडा अध्यक्षले रु ५०० का दरले रु ५५०० मा सहभागिता भत्ता वापत लिएको देखिन्छ। यसरी कानुनमा व्यवस्था नभई लिएको भत्ता कर कटी गरी असुल हुनुपर्ने रु	५५००
४८.	**बढी तलब :** १५३।०७७।३।२६ सुरक्षित आप्रवासन कार्यको निमित्त दलित समाज उथ्थान समिति नेपालले नियुक्त गरेको कर्मचारीको नियुक्ति असार १० गतेवाट भएपनि असार १ देखि ९ सम्मको तलव समेत भुक्तानी गरेको देखिन्छ । यसरी बढी भुक्तानी भएको तलव दलित समाज उथ्थान समितिबाट असुल हुनुपर्ने रु	८२८४।५०
४९.	**बैठक भत्ता :** ५५१।०७७।०३।२५ नगर भवन निर्माण गर्न ०७६।१०।०९ मा खुलाइएको शिलवन्दी वोलपत्र आव्हानको मुल्याकंन समितिमा रहेका र अन्य कर्मचारी समेत विभिन्न समितिमा वैठक वसेको भनी रु ४२,००० भुक्तानी भएको छ । अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०७५ को परिच्छेद ७ खर्चको मापदण्ड सम्वन्धी निर्णय तथा कार्यविधि को ७।१।१ मा वैठक भत्ताको मापदण्डको सम्वन्धमा व्यवस्था गरेको छ । कार्यालय समय अघि वा पछी भएको वैठकमा मात्र भत्ता पाउने व्यवस्था छ भने एउटै निकाय र अन्तगर्तका पदाधिकारी तथा कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान गर्न नमिल्ने व्यवस्था छ । यसरी कानुनमै व्यवस्था नभएको वैठक भत्ता कर कटी गरी असुल हुनुपर्ने रु	३५७००
५०.	**नगर सभा भत्ता :** २२६।०७६।०९।२० ०७६।०६।०६ गते भएको तेस्रो नगरसभामा उपस्थित निम्नानुसार पदाधिकारी तथा कर्मचारीलाई वैठक भत्ता भुक्तानी गरेको देखिन्छ । यसरी स्थानिय पदाधिकारीको सेवा सुविधा सम्वन्धी ऐन २०७५ को अनुसुचि १ मा पदाधिकारीलाई नगरसभावापतको भत्ता दिन मिल्ने व्यवस्था छैन । अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०७५ को परिच्छेद ७ खर्चको मापदण्ड सम्वन्धी निर्णय तथा कार्यविधि को बुदा ७।१।१ मा वैठक भत्ताको मापदण्डको सम्वन्धमा व्यवस्था गरेको छ । कार्यालय समय अघि वा पछी भएको वैठकमा मात्र भत्ता पाउने व्यवस्था छ । एउटै निकाय र अन्तगर्तका पदाधिकारी तथा कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान गर्न नमिल्ने व्यवस्था छ । यस्तो खर्च लेख्ने आधार पेस गर्ने अन्यथा वैठक भत्ता कर कटी गरी असुल हुनुपर्ने रु	६१००००
५१.	**चालुबाट पूजीगत खर्चः** एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ मा चालु शीर्षकमा विनियोजित बजेट बाट पूजीगत खर्च गर्न नपाइने उल्लेख छ । नगरपालिकाले यो वर्ष सभाबाट पारीत गरी पूजीगत खर्च समेत चालु खर्च शीर्षकबाट लेखेको नियम सम्मत देखिएन । चालु प्रकृतिका खर्चमात्र चालु बजेट शिर्षकमा समावेस गरी बजेट खर्च लेख्नु पर्दछ ।	

६५ जना नगरसभा सदश्यको नगर सभा वैठक भत्ता	१,२६,०००
वन्द सत्रमा ९ पटक वैठक गरेको २२ जना पदाधिकारीको वैठक भत्ता	१,९८,०००
विभिन्न कर्मचारीको नगरसभामा खटिएको भनी लिएको भत्ता	२,८६,०००
जम्मा	६,१०,०००

	५३९।०७७।३।२३ लक्ष्मिनिया डिप टचवेल अधुरो सहलेस मन्दिर निर्माण गरेको भनी चालुवाट खर्च लेखेको छ । यस कार्यको निम्ति उपभोक्ता समिति गठनको निर्णय र नापी किताव नभएकोले सो पेश हुनु पर्ने रु	२६०३७१
५२.	**खेलकुद कार्य :** ८६।०७६।०७।०७ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्दछ । प्रप्रअद्वारा स्वीकृत टिप्पणीमा खेलकुद सामाग्रीको लागि वाड न १० मा खेलकुद कार्य सम्पन्न गरेवापत भनी सत्यनारायण मण्डललाई रु ४७,६७५ भुक्तानी गरेको छ । वडाको सिफारिस समितिको निर्णय विल साथै फोटो समेत संलग्न भएको नदेखिएकोले आवस्यक विल भरपाई र काम सम्पन्न भएको वडाको सिफारिस पेश हुनु पर्ने रु	४७६७५
५३.	**खेलकुद प्रतियोगिता :** ४४५।०७७।२।३० वडा समितिको मिति ०७६।७।०५ को निर्णय अनुसार वडा न १० र ११ मा खेलकुद प्रतियोगिता संचालन गरेको भनी सुनिल मण्डललाई रु ४९,२५० भुक्तानी गरेको देखिन्छ । कैले कहा कुन स्तरको प्रतियोगिता संचालन भएको भन्ने पुष्टी गर्ने कुनै कागजात तथा फोटो संलग्न देखिदैन । खेलकुद वापतको भुक्तानी आयोजक संस्थालाई दिनुपर्नेमा सोझै व्यक्तिको नाममा भुक्तानी भएको देखिन्छ । यसरी प्रतियोगिता संचालन भएको र सो रकम खर्च भएको एकिन गर्ने कागजात उपलव्ध हुन सकेन । अत सो कागजात पेस हुनु पर्ने रु	४९२५०
५४.	**डीपीआर खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।	

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
ल्याण्ड फिल्ड	विएम इन्जिनियरिग सोलुसन प्रा लि	१६९१६१०	१६९१६१०	१२०६९२९२५
पंचायन पोखरी	ड्याम कन्सल्टेन्ट प्रा लि	१७३४५५०	१७३४५५०	८८१२२०५४
कोल्ड स्टोर	ड्याम कन्सल्टेन्ट प्रा लि	१६७०१४०	१६७०१४०	१०३००४९६१
	जम्मा	५०९६३००	५०९६३००	

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर. तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत नदेखिएको रु — ५०९६३००

५५.	**पूर्वनिर्धारित क्षतिपूर्तीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरि साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५% पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । निम्न बमोजिम परामर्शदाताले सम्झौता अनुसार तोकिएको समयमा काम सम्पन्न नगरी ढिला गरेको समयको पूर्वनिर्धारित क्षतिपूर्ति रु. १६६४२०। असुल गर्नुपर्नेमा नगरेकोले असुल गर्नुपर्ने रु	१६६४२०

कार्य विवरण	परामर्शदाता	खर्च रकम	प्रतिवेदन वुझाउनु पर्ने र वुझाएको मिति	असुल गर्नु पर्ने हर्जना रकम
ल्याण्ड फिल्ड	विएम इन्जिनियरिग सोलुसन प्रा लि	१६९१६१०	०७६।१२।३० र ०७७।०३।१६	६४२८१
पंचायन पोखरी	ड्याम कन्सल्टेन्ट प्रा लि	१७३४५५०	०७६।१२।३० र	५२०३६

			०७७।०३।०१	
कोल्ड स्टोर	ड्याम कन्सल्टेन्ट प्रा लि	१६७०१४०	०७६।१२।३० र ०७७।०३।०१	५०१०४
	जम्मा			१६६४२०

सशर्त अनुदान

५६. **अभिलेखः** आर्थिक कार्यविधि नियमावली को नियम ३५ (२) (क) मा कुनै पनि रकम को खर्च गर्दा रकम स्वीकृत बजेट भित्र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने खर्च गर्न सकिने उल्लेख छ । त्यस्तै दफा ४५ (क) मा स्वीकृत रकम सम्बन्धित सेवा तथा कार्यक्रम को निमित्त स्वीकृत सिमा भित्र रही सोही प्रयोजनमा खर्च गनुपर्ने उल्लेख छ। कार्यालयले सशर्त अनुदानको विषयगत खर्च को छुट्टाछुट्टै स्रेस्ता खडा गरी वैक नगदी किताबमा प्रविष्ट गरी निकासा खर्च र बाँकी देखिने गरी कार्यक्रमगत खर्च खाता तयार गरी कृयाकलाप अनुसार कृयाकलापको सिमाभित्र रहेर खर्च गनुपर्नेमा सो गरेको छैन । सशर्त तर्फको सम्पूर्ण स्रेस्ता एउटै वैक नगदी किताबमा प्रविष्टी गरेको तथा कार्यक्रमगत खर्च खाता नराखेको पाइयो जसले गर्दा विषयगत कार्यक्रम सिमाको परिपालना भएको पाईएन । यसले गर्दा कुन—कुन विषयगत क्षेत्रमा के कति खर्च भएको कुन—कुन कृयाकलापमा कति खर्च भयो एकिन गर्न सकिएन ।

शिक्षा

५७. **दरवन्दी व्यवस्थाः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । पालिकाले बाल विकास समेत ३२ सामुदायिक शैक्षिक संस्था लाई तलव लगायतका अनुदान निकासा दिएकोमा कुन कुन शैक्षिक संस्था विद्यालयमा कुन कुन तहको के कति दरबन्दी रहनुपर्ने हो सो स्वीकृत गरेको पाईएन । पालिकाले उपलब्ध शिक्षक कर्मचारीहरुलाई आन्तरिक रुपमा आवश्यकता अनुसार खटाएको पाईयो । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी अभिलेख व्यवस्थापन गर्नुपर्दछ ।

५८. **दाखिला प्रमाण** ः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा विल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । विद्यालयले चौमासिक निकासा माग फाराम पेश गर्दा अघिल्लो चौमासिक मा तलव भत्ता वित्तरण गर्दा कट्टी भएको सामाजिक सुरक्ष कर, पारिश्रमिक कर, नागरिक लगानी कोष, कर्मचारी संचय कोष कट्टी तथा सापटि कट्टीको प्रमाण पेश गर्नुपर्नेमा केही विद्यालयले सो गरेको छैन । यसबाट सम्बन्धित शिक्षकको नाममा सम्बन्धित निकायमा रकम जम्मा भएको छ भन्ने विश्वस्त हुने आधार भएन ।

५९. **विद्यालयगत निकासा खाता** ः कार्यालयले प्रत्येक विद्यालयको स्थायी, अस्थायी दरवन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता राखेको देखिएन । विद्यालयहरुलाई प्रथम दोश्रो र तेश्रो गरी तलव भत्ता स्वरुप जाने निकासाहरुको कम्प्यूटर सफ्टवेयरबाट अभिलेख राखेको भएतापनि विभिन्न कारणले चौमासिक छुट निकासा तथा सबै अनुदान र अन्य निकासा हुने सबै अनुदानहरु सफ्टवेयरबाट देखाउने गरेको देखिएन । यसरी छुट निकासा तथा सबै अनुदानहरु सफ्टवेयरमा नदेखाउने भएकोले थप निकासाका रुपमा जाने तलव भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत रुपमा गएको निकासा रकमको स्थिती स्पष्ट हुन सकेन । विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्ट गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख राख्नु पर्ने देखिन्छ ।

६०. **गत वर्षको भुक्तानी :** म.ले.प.फा.नं. १८ प्रमाणित वेगर अघिल्लो आर्थिक वर्षको खर्चको भुक्तानी

गर्न नपाइने व्यवस्था छ। तर कार्यालयले म.ले.प.फा.नं. १८ वेगर आव २०७५।०७६ को बिभिन्न शिक्षकको पोशाक भत्ता भनी विभिन्न विधालयलाई रु ८५०००० निकाशा गरेको देखिन्छ। म.ले.प.फा.नं. १८ वेगर निकाशा भएको भुक्तानी नियमित नभएको रु

८५००००

६१. **छात्रवृत्ति अनुदान :** ०७७।०३।२४ आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । त्यस्तै शिक्षा मन्त्रालयद्वारा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ अनुसार आवासिय छात्रबृत्ति, दलित छात्र छात्रा र विद्यालयमा अध्ययनरत छात्रा छात्रवृत्ति लगायतका छात्रवृत्ति रकम विद्यालयगत विद्यार्थी लगतको आधारमा स्थानीय तहले विद्यालयहरुको खातामा निकासा दिने र विद्यालयहरुले नाम नामेसी अनुसार भरपाई बनाई वितरण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष छात्रवृत्ति वितरणको लागि ३२ विद्यालयहरुलाई कक्षा १ देखि ८ सम्मको छात्रा, दलित समेत ६४९२ जनाको नाममा छात्रवृत्ती रकम रु २९८६८००।०० निकासा दिएको छ । प्रति विद्यार्थि रु ४००।०० का दरले वितरण गर्नुपर्ने छात्रवृद्धि विद्यालयहरुले सम्बन्धित विद्यार्थीहरुलाई वितरण गरे वा नगरेको सम्बन्धमा कार्यालयले भरपाई कागजात पेश गरेको छैन । अतं अनुगमन गरी वास्तविक विद्यार्थिलाई वितरण गरेको प्रतिवेदन सहितको भरपाई प्रमाण पेश हुनु पर्ने रु.

२९८६८००

६२. **पाठ्यपुस्तकको निकासा –** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । त्यस्तै कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७५ अनुसार स्थानीय तहले विद्यालय निरीक्षण एवं स्रोत व्यक्तिले यकिन गरेको विद्यालयका कक्षागत विद्यार्थीहरुको विवरणको आधारमा दोस्रो चौमासिकमा पहिलो किस्ता स्वरुप ७५ प्रतिशत पाठ्यपुस्तक रकम निकासा विद्यालयलाई दिने व्यवस्था छ । त्यस्तै नयाँ शैक्षिक सत्र प्रारम्भ भए पश्चात विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरिद बिल एवं नाम नामेसी सहितको वितरण भरपाई सहित नपुग रकम विद्यालयले माग गरे पश्चात २५ प्रतिशत रकम विद्यालयलाई उपलव्ध गराउने उल्लेख छ । तर पालिकाले यस वर्ष पालिका अन्तर्गतका ३२ विद्यालयहरुलाई पाठ्यपुस्तक बापतको प्रथम किस्ता भौ न ११८ वाट रु ४३,९९,१७१ र दोस्रो किस्ता भौ न १७७ वाट रु ११,२४,८२८ समेत रु ५५,२३,९९९ रकम निकासा दिएको छ । विद्यालयको खातामा निकासा दिएकोमा विद्यार्थी भर्ना विवरण, एवं संशोधित विवरण र सोको अनुगमन प्रतिबेदन समेत पेश गरेको पाइएन । साथै कार्यालयले एम्समा भएको विद्यार्थी सख्या भन्दा फरकगरी निकासा गएनगएको एकिन गर्न इमिस तथ्यांक पेश गरेको छैन । अतः इमिस तथ्यांकसंग भिडान गरी वढी निकासा नगएको एकिन गरी पाठ्यपुस्तक वितरणको भरपाई र खरिद विल पेश हुनुपर्ने रु

५५२३९९९।००

६३. **अनुदान :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्दछ । कार्यालयले स्वीकृत बजेट अनुसार निम्न विद्यालयहरुलाई विभिन्न कार्य गर्न आ.व. को अन्त्यमा बैक खाता रोक्का गरी अनुदान दिएको देखियो । यसरी दिएको सशर्त अनुदान रकमबाट तोकिएको कार्य भए नभएको कुनै प्रमाण पेश भएको छैन । अत तोकिएको कार्य सम्पन्न भएको बिल भरपाई तथा अनुगमन गरी गराई भवन निमार्ण सम्वन्धमा कार्य सम्पन्न प्रतिबेदन पेश गर्नुपर्ने रु.

९८११४३०

गो.भौ.नं.	विद्यालयको नाम	तोकिएको काम	अनुदान रकम
१६२।३।२५	त्रिभुवन मा. वि.	शिक्षण सिकाई सामाग्री	९५९५००
१६२।३।२५	त्रिभुवन मा. वि.	ल्याव सामाग्री	२०००००
१६२।३।२५	रा.मा.वि. कान्तिवजार	शिक्षण सिकाई सामाग्री	८३८३००
१६२।३।२५	रा.मा.वि. कान्तिवजार	ल्याव सामाग्री	२०००००
६२।०७६।९।२२	रा.मा.वि. कान्तिवजार	प्रविधिक धार	६३००००
६२।०७६।९।२२	त्रिभुवन मा. वि.	प्रविधिक धार	८१००००
	संघिय सशर्त पूजीगत तर्फ		

१५।०७७।३।२१	सुरा आधारभुत विधालय इयटार	दुई कोटै ट्रस्ट निर्माण	१५७५७५३
१६।३।३१	मा.वि. भेडिपाही फलकाहा	दुई कोटै ट्रस्ट निर्माण	१५७२६७२
१८।३।३१	ामेश्वर फूलकारिया जनता आ. वि.	दुई कोटै ट्रस्ट निर्माण	१५७५२२३
१९।३।३१	सरस्वती आधारभुत वि मटावारी	दुई कोटै ट्रस्ट निर्माण	१४४९९८२
जम्मा			९८११४३०

६४.	**दिवा खाजाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्दछ । कार्यालयले यस वर्ष दिवा खाजा वापत भौ नं ३८ वाट ३२ विधालयका कक्षा १ देखि ५ सम्मका विधार्थीको लागी ५८ दिनको रु ६८,४५,१६०।०० दिवा खाजा वापत रकम निकासा पठाएकोमा बिद्यालयहरुले पेश गरेको दिवा खाजाको भरपाई अनुसार कुन विद्यालयले कति दिन कति जनालाई खाजा खुवाएको हो तथ्यांक राखेको छैन । इमिसमा भएको संख्या भन्दा वढी निकासा गएनगएको र निकासा रकम पुरै खाजा कार्यक्रममा खर्च भएनभएको एकिन गर्ने आधार पेश गरेन । अतः पालिकाले विद्यालयको खर्च भएको वास्तविक रकम एकिन गरी बढी निकासा भएको भए असुल गराउने र वढी निकासा नगएको प्रमाण पेश हुनुपर्ने रु	६८४५१६०
६५.	**शिर्षक फरकः** १८१/०७७/३/२९ बैकल्पिक शिक्षा वापत भनी ५ वटा मदर्सालाई रु. ५०,०००/- का दरले रु. २,५०,०००/- निकासा दिएको छ । कार्यक्रम कम्पोनेन्ट २.७.१३.११ अन्तरगत नगर पालिकाको बजेटबाट निकासा दिनु पर्नेमा सशर्त शिर्षकबाट दिएकोले संचित कोषबाट संघिय संचित कोषमा फिर्ता हुनु पर्ने रु.	२५००००
६६.	**भरपाईः** २०७/०७७/३/३१ भागवत प्रिन्टर्स विराटनगरबाट ३००० थान निरन्तर शिक्षा तह एक को पुस्तक छपाई गरी रु. ३,४५,०००/- भुक्तानी गरेको छ । उक्त पुस्तक वितरणको भरपाई पेश हुनु पर्ने रु.	३४५०००
६७.	**बढी निकासाः** १३७/०७७/२/३० मा.वि. निगौलका शिक्षक दिलिप कुमार यादवको पारित तलबी प्रतिवेदनको आधारमा रु. ३३,८४०/- हुनु पर्नेमा प्रत्येक महिना रु. ३५,९९०/- का दरले निकासा दिएकोले १३ महिनाको प्रति महिना रु २१५० का दरले बढी निकासा भएको रकम असुल हुनुपर्ने रु	२७९५०
६८.	**भरपाईः** २०९/०७७/३/३१ गरिब परीबार पहिचान परीचयपत्र वितरणको बैठक तथा अनुगमन भत्ता खर्च भनी रंजित कुमार बर्माको नाममा सोधभर्ना भुक्तानी गरेकोमा ५ जना अनुगमन कर्ताको रु. २०,०००/- र ९ जनाको बैठक भत्ता रु. २९,०००/- बुझिलिएको भरपाई पेश भएको छैन । अतः सो रकममा कर रु. ७,३५०/- कट्टी गरी खर्च लेखेको रकम असुल हुनु पर्ने रु.	४१६५०
६९.	**बायोग्यासः** १९७/३/३० आविस्कार इनर्जे प्रा.लि. बाट ३ वटा वडाको १६ घरधुरीमा होम वायोग्यास जडान गरेको भनी विजक १९ मिति ०७७/३/२३ बाट रु. १२,४१,६००/- भुक्तानी गरेको छ । निजले जारी गरेको बिलमा क्वालिटी एसुरेन्स खर्च भनी प्रति घरधुरी रु. ३,०००/- का दरले भुक्तानी लिएकोमा क्वालिटी एसुरेन्स गरेको प्रमाण पेश नभएकोले बढी भुक्तानी रकम असुल हुनु पर्ने रु	४८०००
७०.	**रिफ्रिजः** २०८/०७७/३/३१ यादब भेट फर्माबाट असार २४ गते १.५ लिटरको २ पिस रिफ्रिज र २.५ लिटरको १ पिस समेत ३ थान रिफ्रिज खरीद गरी रु. ९९,६००/- भुक्तानी गरेको छ । उक्त सामान जि.खा.पा.न. ८९१ र ८९२ मा असार २८ गते आम्दानी बाधेको असार ३१ गते माग फारमबाट खर्च लेखी ० मौज्दात देखाएको छ । जिन्सी निरीक्षण नभएको, विगत वर्षको आम्दानी नदेखिएको, खप्ने सामान तत्काल खर्च लेखी शुन्य मौज्दात देखाएको कारण खरीद भएको	

	हो होईन एकिन हुन सकेन। अतः आवश्यक छानविन गरी जिन्सीमा आम्दानी चढाउनु पर्ने रु.	९९६००
७१.	**औषधी खरिद** - १८९।२०७७।३।३० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाले उक्त प्रक्रियावेगर लभ मेडिकल हलबाट शिलवन्दी दरभाउपत्र राखी रु १९८१९४९।०० का औषधि खरिद गरेको छ र ओषधी खरिदमा छुट दिने प्रचनल रहेपनि छुट समेत प्राप्त गरेको देखिदैन । औषधी खरिदको दाखिला गरेको देखिएपनि स्टोरमा नरहेको र स्वास्थ्य चौकीमा समेत हस्तान्तरण गरेको देखिदैन । यस सम्वन्धमा कार्यालयले एकिन गरी हस्तान्तरण फारम उपलव्ध गराउनु पर्ने देखिन्छ। • खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, • आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, • आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । • औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, • औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्ने रु	१९८१९४९
	सामाजिक सुरक्षातर्फ	
७२.	**अभिलेखः**- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्रहीको लगत अधावधिक नगरी यसवर्ष पटक पटक नेपाल वैक लिमिटेडको नाममा रु १०,७६,९६,२००।०० निकाशा दिएकोमा वैकले केकति रकम सम्वन्धित सेवाग्राहीको नाममा रहेको खातामा जम्मा गरी कति रकम जम्मा गर्न नमिलेकोले फिर्ता गरेको छ। विवरण पेश भएन। अतः सेवाग्रहीको नाममा जान वाकी रकम एकिन गरी फिर्ता दाखिला र सम्वन्धित सेवाग्राहीको खातामा जम्मा गरेको विवरण समेत पेश हुनुपर्ने रु	१०७६९६२००
७३.	बालपोषण वापतको रकम ३ पटक गरी सिदार्थ बैंक लिमिटेड र एन आई सी एसिया बैंकलाई रु. ३,५१,४८,१००/- निकासा दिएकोमा सम्बन्धीत सेवाग्राहीको खातामा पठाउन नमिलेको रु. १,१६,५६,७००/- लेखा परीक्षण अवधीमा फिर्ता भै बेरुजु खातामा जम्मा भएको छ ।	

	समानिकरण पूजिगत तर्फ	
७४.	**योजना :** नगरपालिकाको मिति २०७६।६।६ को नगर सभाले यो वर्ष बिभिन्न साना तथा ठूला गरी कूल ४५९ योजना सन्चालन गर्न बजेट बिनियोजन गरेकोमा विभिन्न उपभोक्ता समितिहरुबाट निर्माण तथा खरिद कार्य गराएको छ । कार्यालयले प्रगती विवरण पेश नगरेकोले के कति योजना सम्पन भए एकिन गर्न सकिएन । र कुन योजनालाई कती भुक्तानी भयो कच्चावारी विवरण पेश भएको छैन । वैक नगदी किताव अनुसार यस शिर्षकमा २०१ वटा भौचरबाट रु. १०,००,०१,१४१।०० खर्च भएको देखिन्छ । उपभोक्ता समितिहरुको फाइलमा खर्चको बिल भरपाईहरुको तेरिज तयार गरी राखेको छैन । उपभोक्ताहरुलाई भुक्तानी दिदां प्रत्येक योजनाबाट ३ प्रतिशत कन्टिजेन्सी कट्टा गरी राख्ने गरेको छ । लागत अनुमान तयार गरी सोही अनुसार सम्झौता गर्ने तथा सम्पन्न योजनाको प्राबिधिक मूल्यांकन अनुसार उपभोक्ताको आनुपातिक जनश्रमदानको अंश कट्टा गरेर मात्र उपभोक्ताहरुलाई भुक्तानी दिनुपर्दछ । तर कतिपय अवस्थामा कट्टा नगरेको समेत देखिएको छ । लेखापरीक्षण योजना अनुसार नमूना छनौट गरी परीक्षण गर्दा देखिएको व्यहोरा देहायअनुसार छन् ।	
७५.	**टुक्रा खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. ५ लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नगरपालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा विभिन्न समयमा प्रतिस्पर्धात्मक विधि नअपनाइ एकै प्रकृतिका वस्तु तथा सेवालाई विभिन्न समयमा टुक्रा गरी प्रतिस्पर्धावाट वंचित हुने गरी खरिद गरेको देखिन्छ । निम्नानुसार टुक्रा गरी खरिद गरेको अनियमित देखिएको रु.	१९८८८८४

गोभौ न र मिति	आपूर्तिकर्ताको नाम	विवरण	रकम
८।०७६।९।१९	गौशला अटो इन्टरप्राइजेज	२ थान मोटरसाइकल	४३१८००
१२।०७६।१२।४	प्रेरणा इन्टरप्राइजेज	अफिस टेवलसमेत	२९७१९०
१४।०७६।१२।२५	अनमोल मेडिकल हल	मेशिनरी औजार	२४२७७८
१७।०७७।०१।६	गौशला अटो इन्टरप्राइजेज	२ थान मोटरसाइकल	४३३८००
३३।०७७।०२।२९	एक्सप्रेस कम्प्युटर प्रालि	कम्प्युटर र प्रिन्टर	३२२४८४
३७।०७७।०२।३०	पुजा इलेक्ट्रिक्स	वासिग मेसिन	९९८८७
१९२।०७७।०३।३१	एक्सप्रेस कम्प्युटर प्रालि	कम्प्युटर ३ सेट	१६१०२५
	जम्मा		**१९८८८८४**

७६.	**विल भरपाई :** १०।२०७६।९।२२ विभिन्न ३२ सामुदायिक विद्यालयको नाममा वार्षिक स्विकृत योजना नं. १ अनुसार वाल विकास केन्द्रको कक्षा कोठा व्यवस्थापन वापत प्रतिकोठा रु १ लाखका दरले निम्नानुसार ३२ वटा मातृ विद्यालयलाई ५० कक्षा कोठा व्यवस्थापनको रकम निकासा दिएको छ । सो रकमवाट व्यवस्थापनमा भएको खर्चको फाटवारी, भौतिक प्रगति र विद्यालयको लेखापरिक्षण प्रतिवेदन पेश नभएकोले सो पेस हुनुपर्ने रु	५००००००

क्रसं	सहभागीको नाम थर	विद्यालयको नाम	निकासा रकम
१	सुनैना कुमारी महतो	श्री ने॰ रा॰ ज॰ आवि बहादुरगञ्ज	१००००० ।००
२	सरिता महतो	श्री रा॰ मावि बटौवा	१००००० ।००
३	सरिता कुमारी महतो	श्री रामचन्द्र जनता आवि गौशाला	१००००० ।००
४	संगीता कुमारी यादव	रा॰ आवि नबराजपुर	१००००० ।००
५	रेणु आले खुलाल	श्री त्रिभुवन मावि गौशाला	१००००० ।००

६	सखिला साशंकर	श्री मावि रामनगर	१००००० ।००
७	रोम माया समाल	श्री रा. आवि बान्हटोल	१००००० ।००
८	तारा कुमारी थापा	श्री रा. आवि भण्टावारी	१००००० ।००
९	अम्विका कुमारी यादव	श्री जनता आवि कुशमाडी	१००००० ।००
१०	रेश्मा कुमारी बलम्पाकी	श्री जनता प्रावि ढल्केवार	१००००० ।००
११	सुनमाया मसराङ्गी	श्री रा. आवि बढेर्वा	१००००० ।००
१२	पवित्री देवी सिँह	श्री ज. आवि विषहरपुर	१००००० ।००
१३	भद्राकुमारी विश्वकर्मा	श्री ज. रा. आवि इट्टाटार	१००००० ।००
१४	राज्य लक्ष्मी सापकोटा	श्री ज । मावि रजखोर	१००००० ।००
१५	शुकुदेवी कुशवाह	श्री मुन्नी मिश्री देवी ज आवि	१००००० ।००
१६	गुलावदेवी महतो	श्री रा मावि कान्तीबजार	१००००० ।००
१७	कल्पना कुमारी साह	श्री जनता प्रावि रजखोर	१००००० ।००
१८	सकुन्तला कुमारी महतो	श्री रा. फूल्झरीया प्रावि	१००००० ।००
१९	जनक दुलारी कुमारी	श्री ज. मावि भरतपुर	१००००० ।००
२०	सुसिला कुमारी महतो	श्री वीरेन्द्र मावि वेलगाछी	१००००० ।००
२१	अम्विका कुमारी यादव	श्री मावि भेडीयाही फुल्काहा	१००००० ।००
२२	गीता कुमारी झा	श्री मावि निगौल	१००००० ।००
२३	सिता कार्की	श्री जनता आवि भरतपुर	१००००० ।००
२४	उर्मिला देवी	श्री ज. आवि कालीपुर	१००००० ।००
२५	उषा कुमारी पासवान	श्री रा.आवि बहादुरगञ्ज	१००००० ।००
२६	आरतीकुमारी शर्मा	श्री रा मावि बटौवा	१००००० ।००
२७	रम्भा कुमारी यादव	श्री रा ज आवि लक्ष्मीनिया	१००००० ।००
२८	विमला कुमारी महतो	श्री राम प्रावि	१००००० ।००
२९	मुन्नी कुमारी मण्डल	श्री मावि निगौल	१००००० ।००
३०	उर्मिला देवी यादव	श्री रा आवि गौशाला	१००००० ।००
३१	शेम कुमारि पौडेल	श्री त्रिभुवन मावि	१००००० ।००
३२	लिलाकुमारी महतो	श्री मावि रामनगर	१००००० ।००
३३	मेनुका वराल	श्री ज मावि रजखोर	१००००० ।००
३४	मनिषा कुमारी सिँह	श्री ज प्रावि रजखोर	१००००० ।००
३५	कलावती देवी चौधरी	श्री वालकल्याण आवि निगौल ठाकुर	१००००० ।००
३६	गीता कुमारी साह	श्री रा आवि बडेर्वा	१००००० ।००
३७	शीव कुमारी यादव	श्री ज आवि जयपुर फूल्काहा	१००००० ।००
३८	जयमाला कुमारी यादव	श्री ने रा ज आवि मनहर्वा	१००००० ।००
३९	सुनितादेवी यादव	श्री मावि भेडीयाही फूल्काहा	१००००० ।००
४०	रेणुकुमारी महतो	श्री ज मावि भरतपुर	१००००० ।००
४१	जितनकुमारी सिँह	श्री रा आवि जमुनीया	१००००० ।००
४२	ववी कुमारी सिँह	श्री रा आवि विषहरपुर	१००००० ।००
४३	दिपाकुमारी राना	श्री सरस्वती आवि	१००००० ।००
४४	रामकुमारी राम	श्री रा ज आवि कालीपुर	१००००० ।००
४५	अन्जनी कुमारी सिन्हा	श्री ज रा आवि ईट्टाटार	१००००० ।००
४६	अमृता बलम्पाकी	श्री ज आवि कुशमाडी	१००००० ।००
४७	सितादेवी झा	श्री ज आवि मुसहरीटोल	१००००० ।००
४८	विद्या यादव	श्री जनता आवि भरतपुर	१००००० ।००
४९	कविता कुमारी सिँह	श्री वालकल्याण आवि निगौलठाकुर	१००००० ।००
५०	नाम खालि		१००००० ।००
		जम्मा	५०००००० ।००

७७. **सोलार खरिद** ११।२०७६।९।२६ वडा नं १२ को योजना नं. ६ मा मेशिनरी तथा औजार रंज युनिट स्टिलटावर सोलर खरिदको लागि रु १ लाख वजेट समावेश भएकोमा पाथिभरा दर्शन वैकल्पिक उर्जा एण्ड इलेक्ट्रेनिक्स सप्लायर्स, इटहरीको विजक ५७ मिति २०७६।९।३ बाट सोलर प्यानल २ थान समेत ४ आइटम सामान रु ५९३००।०० र बिजक ६० मिति २०७६।९।३ बाट डेकोर व्याट्री समेत ३ आइटम सामान मु अ कर समेत रु ४०२००।०० मा खरिद गरी दाखिला नं र जिन्सी खाता पाना नं. वेगर मिति २०७६।९।४ मा वडा अध्यक्षले दाखिला गरेको आधारमा वडा कार्यालयको च.नं. ५४४ मिति २०७६।९।१८ को सिफारिसको

	आधारमा वडा सचिव सुदिप कुमार दाहाललाई रु ९९५००।०० मा कन्टेन्जीन्सी र कर कट्टा गरी रु ८७३८३।०० भुक्तानी गरेको छ । खरिद भएका सामान पालिकामा जिन्सी दाखिला नभएको, वडा अध्यक्षले प्रमाणीत गरेको दाखिला रिपोर्टमा दाखिला नं र जि.खा.पा.नं. उल्लेख नभएको, वडाले वार्षिक जिन्सी निरिक्षण प्रदिवेदन तयार नगरेकोले उक्त सामान कार्यालयमा प्राप्त भई भुक्तानी भएको हो भन्न सकिएन । सम्वन्धीत आपुर्तकलाई भुक्तानी नगरी वडा सचिवलाई रकम भुक्तानी गर्न मिल्ने तथा पाउने प्रमाण कागजात भए पेश गर्ने अन्यथा असुल हुनु पर्ने रु	९९५००।००
७८.	**बडी भुक्तानी** : १३।२०७६।१२।९ बार्षिक स्विकृत योजनाको ३ नम्वरमा रहेको इन्जिनियरीङ्ग क्याम्पस गौशालाको भवन निर्माण कार्यकोलागि रु २० लाख वजेट विनियोजन गरेको वाट रु २६,२४,३८४।३१ को लागत अनुमान स्विकृत गरी निर्माण समितिको अध्यक्ष विश्वराज उपाध्याय संग सम्झौता गरेको छ । आयोजना मिति २०७६।८।१२ मा शुरु गरी फाल्गुन ३० मा सम्पन्न गर्ने गरी मंसिर १२ मा गरेको सम्झौता अनुसार कुल लागत रु २६,२४,३८४।३१ मध्ये २६.०८ प्रतिशतले रु ६,८४,३८४।३१ जनश्रमदान र रु १९,४०,०००।०० (७३.९२ प्रतिशत) कार्यालयले व्यहोर्ने गरी उल्लेख गरेको छ । सम्झौताको शर्तहरुको वुदा नं. ५ मा आयोजनाको कुल लागत भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुतािवक नै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिन र दिन सहमत छौ भन्ने उल्लेख भएको छ । कार्यसम्पन्न प्रतिवेदन अनुसार रु २२,०१,७२०।६६ मा कार्य सम्पन्न भएको अवस्थामा सोही प्रतिशत अनुसार रकम रु १६,२७,५११।९१ भुक्तानी हुनु पर्नेमा निर्माण समितिलाई कन्टेन्जेन्सी ३ प्रतिशत कट्टा गरी पुरै वजेट वरावर रु १९,४०,०००।०० भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम असुल हुनु पर्ने रु	३१२४८८।०९
७८.१.	साथै नापी किताबमा प्रयोग भएको डण्डी र खरिद बिलमा उल्लेखित डण्डीमा एकरुपता नदेखिएबाट पेश भएका बिल भरपाई यथार्थमा आधारीत छन भन्न सकिएन । श्याम आईरन एण्ड टायर ट्रेड वर्दिवासको विजक ६८ मिति २०७६।८।१५ वाट ५५०० केजी डण्डी खरिद गरेकोमा नापि कितावमा चढाउदा प्रति के.जी. रु ११८.९१ का दरले ३७४४.४७ केजी मात्र प्रयोग भएको भनी सो कार्य वापत रु ४,४५,२५४.९२ भुक्तानी गरेको छ । विल भरपाई र कार्य प्रगति (नापि किताव) यथार्थमा आधारीत नभई बढी परिमाणमा डण्डी खरिद गरी घटी परिमाणमा प्रयोग गरेको छ । अत उपभोक्ताले खरिद गरी निज संग वाकी रहेको १७५५.५३ केजी डण्डीका सम्वन्धमा आवश्यक छानविन गरि वढी खरिद गरिएको डण्डी पलिकामा फिर्ता हुनु पर्दछ ।	
७९.	**अनियमित** : ३४।२०७७।२।२९ वडा नं. १२ को स्विकृत योजना नं. ४ अधुरो विषहारा थाना भवन प्लास्टर कार्यकोलागि रु १ लाख वजेट विनियोजन भएकोमा लागत अनुमान वेगर प्लाष्टर कार्य सम्पन्न गरी रु ११०७०६।३० को नापि किताव तयार गरी वडा कार्यालयको च.नं. ५७६ मिति २०७६।९।२४ को पत्रबाट वडा अध्यक्षले रकम भुक्तानी सम्वन्धी पत्रबाट रु ९९८१७।०० वडा अध्यक्ष कृष्ण वहादुर विश्वकर्मालाई भुक्तानी दिनु भनी अनुरोध गरेको आधारमा निजको नाममा रु ९९८१७।०० भुक्तानी भएको छ । निर्माण कार्य गर्दा लागत अनुमान तयार गरी सम्झौताको आधारमा कार्य सम्पन्न भएपछि ठेक्का विल र कार्यसम्पन्नको आधारमा भुक्तानी हुनु पर्नेमा अमानतबाट कार्य गराएकोले मेरो नाममा रकम भुक्तानी दिनु भनी वडा अध्यक्षको सिफारिसमा निजलाई रकम भुक्तानी गरेको नियमित नभएको रु	९९८१७।००
८०.	**बढी भुक्तानी** : ४०।२०७७।३।२ पुनी मण्डलको घरदेखि नारायण मण्डलको घरसम्म सडक ढलान उ.स. ४ लाई योजना नं ६ को ढलान कार्य सम्पन्न गरी रु ३ लाख भुक्तानी गर्दा कन्टेन्जेन्सी वापतको रु ९०००।०० कट्टी नगरी पुरै भुक्तानी गरेकोले सो रकम फिर्ता असूल हुनु	

	पर्ने रु	९०००।००
८१.	**ह्यूम पाईप** : ४१।२०७७।३।३ वडा नं ९ को योजना नं. ४ मा समावेस भएको कृषि सडकको लागि ह्यूम पाईप खरिदको लागि रु २४२५००।०० वजेट विनियोजन भएको अवस्थामा वडा कार्यालयले दरभाउपत्र माग गरी जगदम्वा ह्यूम पाईप एण्ड पोली इन्डष्ट्रीस प्रा.ली. को विजक १३८ मिति २०७७।२।२४ वाट ४५० एम.एम.को ८ थान र ६०० एम एम को ८ थान समेत १६ थान ह्यूम पाईप रु २२४१९२।०० मा खरिद गरी ९ नम्वर वडा कार्यलयको च.नं. १०९४ मिति २०७७।२।२५ को पत्रवाट सिफारिस गरे बमोजिम आपुर्तकलाई पुरै रकम भुक्तानी गरेको छ । ढुवानी खर्च रु १८०००।०० वडा अध्यक्ष महेश प्रसाद सिंहलाई भुक्तानी गरेको समेत योजनाको पुरै रकम खर्च भएको अवस्थामा सामान प्रयोग भएको नापी तथा कार्य सम्पन्न प्रतिवेदन पेश हुन नआएकोले सामानको उपयोग भएको प्रमाण पेश हुनु पर्ने रु	२२४१९२।००
८२.	**विद्युतिय पोल** : ४२।२०७७।३।३ वडा नं ९ को योजना नं. ३ मा समावेस भएको विद्युतिय पोल खरिदको लागि वजेट विनियोजन भएको अवस्थामा वडा कार्यालयले दरभाउपत्र माग गरी जगदम्वा ह्यूम पाईप एण्ड पोली इन्डष्ट्रीस प्रा.ली. वाट ९ मिटरको ५२ वटा पोल प्रति गोटा रु ८१००।०० का दरले मु अ कर समेत रु ४७५९५६।०० मा खरिद गरी ९ नम्वर वडा कार्यलयको च.नं. १०९७ मिति २०७७।२।२५ को पत्रवाट सिफारिस गरे बमोजिम आपुर्तकलाई पुरै रकम भुक्तानी गरेको छ । वडा कार्यलयले दाखिला र खरिद प्रकृया पुरा गरी सिफारिसको आधारमा योजनाको पुरै रकम खर्च भएको अवस्थामा पोल जडान भएको नापी तथा कार्य सम्पन्न प्रतिवेदन पेश हुन नआएकोले रु ४७५९५६।०० का सामानको उपयोग भएको प्रमाण पेश हुनु पर्दछ । यस्तै भौ.नं. ६१।२०७७।३।११ बाट ५१ थन पोल खरिद गरी धर्मेन्द्र निर्माण सेवालाई रु ४६६८०३।०० भुक्तानी गरेको छ । उपरोक्तानुसार पोल जडान गर्न भौ नं. ६२।२०७७।३।११ वाट वडा सदस्य जुलेखा खातुनलाई जेष्ठ १२ देखि ३२ सम्म ३० जना ज्यामीलाई डोर हाजिरवाट रकम भुक्तानी गरेको भनी रु ५०००००।०० सोधभर्ना भुक्तानी गरेको छ । सो वडामा १०३ थान पोल गाडेको र तार जडान भएको नापि किताव सहितको प्राविधिक प्रतिवेदन पेश हुन नआएकोले वास्तविक कार्य भएरै रकम खर्च भएको हो भन्न सकिएन । अत नापि किताव तथा कार्य सम्पन्न प्रदिवेदन पेश हुनु पर्ने रु	१४४२७५९।००
८३.	**विद्युतिय तार** : ४३।२०७७।३।३ वडा नं ९ को योजना नं. १४ मा समावेस भएको विद्युतिय सामाग्री खरिदको लागि वजेट विनियोजन भएको अवस्थामा वडा कार्यालयले दरभाउपत्र माग गरी सुमन निर्माण सेवाको विजक ७ मिति २०७७।२।११ वाट ०.०५ कण्डक्टर तार ८२०० मीटर प्रति मिटर रु ५३ का दरले मु अ कर समेत रु ४९१०९८।०० मा खरिद गरी ९ नम्वर वडा कार्यलयको च.नं. १०९५ मिति २०७७।२।२५ को पत्रवाट सिफारिस गरे बमोजिम आपुर्तकलाई पुरै रकम भुक्तानी गरेको छ । खरिद प्रकृया पुरा गरी योजनाको रकम खर्च भएको अवस्थामा सामान प्रयोग भएको नापी तथा कार्य सम्पन्न प्रतिवेदन पेश हुन नआएकोले सामानको उपयोग भएको प्रमाण पेश हुनु पर्ने रु	४९१०९८।००
८४.	**कन्टेन्जेन्सी कट्टी** : ४५।२०७७।३।३ सडक ग्रावेल तथा मर्मत संभार उ.स. ११ लाई किसुनदेवको घर देखि पूर्व दक्षिण रसुल नदावको घर सम्म तथा अन्य सडक ग्रावेल तथा मर्मत सम्भार कार्यको रु २३११७१।०० भुक्तानी गरेको छ । रु ३ लाख वजेट रहेकोमा रु २३१३८०।१२ मा कार्यसम्पन्न भएको अवस्थामा कन्टेन्जेन्सी कट्टी नगरी पुरै भुक्तानी गरेकोले ३ प्रतिशतले हुने रकम असुल हुनु पर्ने रु	६९३५।३७

८५. **योजनाको अभिलेखः** योजना सँग सम्बन्धित बिभिन तथ्याङ्कहरु आर्थिक बर्षगत रुपमा देखिने गरी योजनागत अभिलेख रजिष्टिर खडा गरी राखेको छैन । यसो हुदा यस नगरपालिकामा हाल सम्म के कस्ता कति योजना कुन आर्थिक बर्षमा कति बिनियोजित र संसोधित भए, कति योजना अपुरो अबस्थामा नै रहिरहेका छन्, कति योजना सम्पन्न भए, कति योजनाको भुक्तानी दिन बांकी छ वा छैन, जनश्रमदान, लागत सहभागिताको अनुपातिक अबस्था कस्तो छ, कुन योजनामा कति खर्च भएको छ, कति कति कर धरौटी कटाई कति भुक्तानि भयो, सम्झौता भन्दा बढी भुक्तानी हुन गएको छ छैन, समय भित्र काम सकिएको छ छैन र आगामी वर्ष बजेट तर्जुमा गर्दा कुन ठाउमा कस्तो योजनालाई प्राथमिकता दिनेभनि निर्णय गर्न आबश्यक पर्ने तथ्याङ्क जस्ता बिभिन्न तथ्याङ्क हेर्न सक्ने अबस्था रहेको पाईएन । यस प्रकारको तथ्याङ्कको अभिलेखाङ्कन अवस्थाको अभावमा योजनागत एकमुस्ट प्रगति एकिन गर्नसक्ने आधार भएन । अतः योजनाको विवरण तयार गरी राख्नु पर्दछ ।

८६. **गुणस्तर परिक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । बढि लागत अनुमान भएका सडक ढलान, भवन निर्माण कार्यको गुणस्तरीयता सुनिश्चित गर्न प्रयोगशाला प्रतिबेदन पश्चात मात्र भुक्तानी दिइने ब्यबस्था मिलाइनु पर्नेमा बढि लागत अनुमान भएका सडक, ढलान, भवन निर्माण जस्ता कार्यको गुणस्तरीयता सुनिश्चित नगरी भुक्तानी गरेको देखिएकोले निर्माण कार्य गुणस्तरीय छ भन्ने कुरामा सुनिश्चित हुन सकिएन ।

८७. **अमानतको काम :** सार्वजनिक खरिद नियमाबली,२०६४ को नियम ९८(१)मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको स्वीकृति लिनुपर्ने र नियम ९८(३)मा अमानतबाट निर्माण कार्य गर्नुपरेमा एक लाख रुपैयामा नबढाई खण्ड खण्ड गरी बार्ताबाट गराउन वा निर्माण सामाग्री उपलव्ध गराई ज्यालामा गराउनुपर्ने व्यवस्था छ । तर कार्यालयले यस वर्ष निम्न कार्यहरु अमानतका माध्यमवाट काम गराई विभिन्न व्यक्तिहरुलाई रु ७,२४,२७७ भुक्तानी लेखि खर्च गरेको देखियो । कतिपय अमानतको कामहरुको प्राविधिक मूल्याँकन नभएको र एउटा निबेदनको आधारमा मात्र भुक्तानी गरेको तथा एउटै व्यक्तिलाई एक भन्दा वढी काम गराएको देखिएकोले नियमित मान्न नसकिएको रु ७२४२७७

गो.भा.नं. / मिति	काम	खर्च रकम	भुक्तानी पाउनेको नाम
३४/२/२९	वडा १२ को अधुरो बिषहरा थान भवन प्लाषटर कार्य	९९८१७	वडा अ. कृष्ण व. विश्वकर्मा
९२/३/१८	कुखुरा फारम देखि अगाडी सम्म सडक ग्राभेल-५	१०००००	वडा सदस्य किसन ठाकुर
	कृ.वि.बैंक देखि पूर्व जाने सडक ग्राभेल-५	१०००००	
	अमिनको घर देखि सरोजको घर सम्म ग्राभेल-५	१०००००	
१०९/३/२२	हयूम पाईक जडान कार्य वडा-४	१०००००	वडा सदस्य मौजे महतो कोईरी
१६३/३/२६	चुरौटे टोल मस्जिदको पर्खाल निर्माण-११	१०००००	वडा सदस्य धनविर महतो कोईरी
१६४/३/२६	टिपु टोल समरसेयल पम्प खरीद-११	२४७१०	वडा सदस्य धनविर महतो कोईरी
१८५/३/३०	जयपुर विधालयमा ग्रिल गेट निर्माण-७	९९७५०	सदस्य जंगली शेष
	जम्मा	७२४२७७	

८८. **उपभोक्ता समितिमार्फत निर्माण कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु. १ करोड सम्मको श्रममूलक कामहरु उपभोक्ता समिति मार्फत गराउन सक्ने र सो गराउँदा आवश्यक प्रकृया पुर्याउनुपर्ने उल्लेख छ । सो सम्बन्धमा देखिएको व्यहोरा यस प्रकार छ :

८८.१. **उपभोक्ता समिति दर्ताः—** सस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कुनै पनि सस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई

	स्थानीय रुपमा आयोजनालाई बजेट परेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी सयन्त्र मार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ ।	
८८.२.	**आयोजना हस्तान्तरणः** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । अतः सम्पन्न आयोजनहरु सम्बन्धित उपभोक्ता समितिमार्फत नै कार्यान्वयन, संचालन, मर्मत र स्वामित्व ग्रहण गर्ने व्यवस्था सम्झौतामै उल्लेख गर्ने व्यवस्था गरी उपभोक्ता समिति मार्फत काम गराउनु पर्दछ ।	
८८.३.	**कामको गुणस्तर एवं स्थलगत निरीक्षणः—** नगरपालिकाले यसवर्ष निर्माण कार्य उपभोक्ता समितिबाट समेत गराएको छ । यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७८(३) अनुसार नगरपालिकाको प्रमुख, उपप्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यबस्था छ । सो अनुसार नगरपालिकाले पुरै योजनाहरुको अनुगमन गरेको देखिएन । यस नगरपालिकाबाट उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएका बाटो, कलभट, भवन, नाली जस्ता निर्माण कार्यको भुक्तानी गर्दा उपप्रमुख एवं वडा अध्यक्षको अध्यक्षतामा अनुगमन समिति गठन गरी अनुगमन गर्ने र अनुगमनको सिफारिस पश्चात भुक्तानी दिने गरेको छ । अनुगमन प्रतिबेदनमा निर्माण कार्यको बिस्तृत बिबरण उल्लेख नहुँदा अनुगमन वास्तबिक भन्दा प्रकृयामुखि मात्र भएको छैन भन्न सकिएन । अतः कामको गुणस्तर कायम नभएमा सोको जिम्मेवारी सम्बन्धित प्राविधिक एवं अनुगमन कर्तालाई बनाइ निर्माण कार्यको गुणस्तर कायम हुनुपर्दछ ।	
८८.४.	**उपभोक्ता समितिको कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न गरेको कामको प्राविधिक मुल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई पेश गर्नुपर्ने तथा प्राविधिक मुल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति, उपभोक्ता समितिको छाप लगायतका प्रमाण स्पष्ट देखिने गरी समावेश गर्नुपर्ने उल्लेख छ । यस वर्ष पालिकाले नगरपालिका स्तरिय तथा वडागत योजनाहरु उपभोक्ता समिति मार्फत सम्पन्न गरेकोमा सम्पन्न योजनाको प्राविधिक मुल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदनमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति लगायतका विवरण उल्लेख नगरेको तथा उपभोक्ता समितिको छाप लगाएको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न हुने योजनासँग सम्बन्धित कागजातमा उल्लेखित विवरण स्पष्ट गर्न ध्यान दिनुपर्दछ ।	
८९.	**स्वीकृत बजेट टुक्रा पारेकोः** स्थानिय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यबस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४ को बुदा नंबर ३.१ को पहिलो बुंदामा आफुले उठाएको राजश्व र नेपाल सरकारबाट हस्तान्तरण भई संन्चित कोषमा दाखिला भएको अनुदान रकम स्थानीय तहको गांउसभा तथा नगरसभाबाट स्वीकृत बार्षिक बजेट तथा योजना अनुसार कानून बनाई खर्च गर्नु पर्नेछ भन्ने व्यहोरा उल्लेख छ । कानूनबाट निर्देशित नभएका सुरु बिनियोजनमा नपरेका, नगर सभाले अनुमोदन नगरेका बिभिन्न शिर्षकहरुमा नगर कार्यपालिकाबाट निर्णय गरेर विभिन्न कार्यमा खर्च गरेको पाईयो । यस्तै बजेटमा एक शिर्षकमा (योजनामा) बजेट विनियोजन गरी अन्य	

	कार्यक्रममा खर्च गर्ने गरेको छ । त्यस्तै सुरुमा १योजनामा वजेट राखी ३ वटा उपभोक्ता मार्फत कार्य गराएको समेत देखियो। यस्ता कार्यमा नियन्त्रण हुनु पर्दछ । जस्तैः सभाबाट जयपुर जमुनिया मनहर्वा अधुरो पक्की नाला निर्माण कार्यक्रमको लागि रु. ३० लाख बजेट पारित गरेकोमा सो रकमवाट ३ वटा उपभोक्ता समिति गठन गरी भौ नं. ४७ वाट धिरेन शाह कानु अध्यक्ष भएको निर्माण समितिलाई रु ८००००० भौन ४८ वाट खालील मोमिन अध्यक्ष भएको निर्माण समितिलाई रु ८००००० र प्रविण चौधरी थारु अध्यक्ष भएको निर्माण समितिलाई रु १४००००० खर्च भुक्तानी गरेको छ । सो खर्च गर्दा सभाबाट योजना पारित गरेको छैन ।	
९०.	**वढी भुक्तानीः** १९३/०७७/३/३१ खानेपानी टंकी निर्माण र पाईप लाईन खरीद तथा विस्तार उ.स. ८ लाई वेलगाछी खानेपानी आयोजना (नगरस्तरीय योजना नं.२५) को ८ लाख बजेट मध्येबाट रु. ३,७३,३१८/- भुक्तानी गरेको छ । गत वर्ष सम्झौता भई सोही वर्ष सम्पन्न भएको अवस्थामा विना सम्झौता कार्य सम्पन्नको आधारमा भुक्तानी गर्ने भनी नगरपालिकाको निर्णय नं. ३ अनुसार भुक्तानी भएको भनिएकोमा पाईप खरीदका ३ वटा बिल यस वर्षको संलग्न रहेको र नापी किताब अनुसार रु. ३,६७,७०३/- को मात्र कार्य भएको अवस्थामा ५% ले हुने जनश्रमदान रु. १८,३८५/- समेत कट्टा नगरी रु. ३,७३,३१८/- भुक्तानी गरेकोले जन श्रमदान सहित बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु	२४०००
९१.	**रिभर्स भौचर** : भौ.नं. १९७ को खर्च रु. ४,९०,०००।०० जम्मा खर्चमा जोडमा आएको छ सफ्टवेयर खरीद वापतको रकम भनिएकोमा सम्बन्धित आपूर्तकलाई भुक्तानी दिईएको छैन र रिभर्स भौचर पनि उठेको छैन । अत सो रकमको विवरण पेश हुनुपर्ने रु	४९००००
९२.	**वितरण भरपाईः** १६७/२०७७/३/२६ कल्पेश्वर भेट फर्मबाट किचेन गार्डेन १२०० सेट खरिद गरी प्रति सेट रु. २३५/- का दरले रु. २,८२,०००/- भुक्तानी गरेको छ । उक्त सामान खरिदको रकम भुक्तानी राजश्व बाडफांड संघिय सरकारबाट गरेतापनि समानीकरण पूजिगतको बैंक नगदी किताबमा खर्च लेखांकन गरेको छ । खरीद सामानको वितरण भरपाई पेश नभएकोले खरिद गरेको हो भन्न सकिएन। अत वितरण भरपाई पेश हुनुपर्ने रु	२८२०००
९३.	**कार्यसम्पन्नः** ७०।०७७।३।१५ श्रीमन ड्रिलिंग एण्ड कन्स्ट्रक्सन प्रा.लि. भरतपुरको बिजक २०/२/१३ वाट ६ इन्च "डिप टयूवेल निर्माण कार्य १२० मिटर प्रति मिटर रू ७०००/- ले ८४००००/- मा मु.अ.कर समेत ९४९२००/- को बिल र हरी ॐ लक्ष्मी मेशिनरी स्पेयर्सबाट पाईप र मोटर खरीद गरेको बिल रु. ११६२३६/- समेत संलग्न गरी ८ नं. वडा सचिवको सिफारिसमा रु. १०५१४०३/- को कार्य भएको नापि किताब मात्र संलग्न गरी कार्य सम्पन्न ठोक्का बिल र लागत अनुमान समेत संलग्न नगरी रु १००००००।०० भुक्तानी भएको छ। अतः कार्यसम्पन्न प्रतिवेदन समेतको प्रमाण पेश हुनुपर्ने रु	१००००००
९४.	**विगतको योजनाः** ८५/२०७७/३/१८ लाल बाबु महतोको घर नजिक इनार निर्माण उ.स. १० लाई रु. २,३७,४७२/- भुक्तानी गरेको छ । २०७७ जेष्ठ ११ को कार्यपालिकाको निर्णय नं. ३ अनुसार ०७५/७६ को योजना अन्तरगत काम भएको तर कारणवस समयमा भुक्तानी हुन नसकेका योजनाहरुको रकम भुक्तानीकालागि आ.ब. ०७६/७७ मा पनि रकम विनियोजन भएको हकमा योजना सम्झौता नगरी प्राविधिक मूल्यांकनको आधारमा हुने रकम भुक्तानी दिने निर्णयानुसार यस योजनाको रकम भुक्तानी भएको छ । यस्ता के कति योजना सम्झौता बेगर मूल्यांकनको आधारमा भुक्तानी गरिएको छ सो को तथ्यांक कार्यालयमा रहेको पाईएन । तथ्यांक वेगर गरीएका खर्चको सम्बन्धमा एकिन गरिनु पर्दछ ।	
९५.	**विधालयमा दाखिलाः** १२३/२०७७/३/२३ जमुनिया बिधालय ग्राउण्ड मर्मत उ.स.लाई रु.	

१५००००/- भुक्तानी मध्ये ग्राउण्ड मर्मतको कार्य रु. ६१,९८३/- को गरेको अवस्थामा ६० हजार र बांकी गौतम स्टिल फर्निचर उघोग एण्ड सप्लायर्स सेन्टरको बिजक १२९/३/११ बाट फर्निचर खरीद गरीएको बिल रु. ९३,२२५/- संलग्न छ । उक्त फर्निचर विधालयमा दाखिला भएको देखएन । अतः निम्नानुसारको सामान विद्यालयलाई हस्तान्तरण गरी दाखिला गरेको प्रतिवेदन पेश हुनुपर्ने रु   ८२५००

विवरण	दर	रकम
अफिस दराज २ थान	१३०००	२६०००
ओपन प्याक २ थान	६०००	१२०००
कूर्सि प्लाष्टिक ३० थान	८५०	२२५००
रिभल्विंग चियर २ थान	९५००	१९०००
जम्मा		८२५००

९६. **योजना संचालन —** सार्वजनिक परीक्षण (अनुसुची ३) तथा खर्च सार्वजनिक सुचना (अनुसूची ४) मा उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षको हस्ताक्षर मात्र भएको र छाप लगाएको तर आवश्यक विवरण योजनाको नाम, लागत अनुमान, सम्झौता रकम, कार्य सम्पन्न रकम, मिति तथा खर्च विवरण पेश्की भुक्तानी सम्बन्धी जानकारी केही भरेका छैनन । यस्तो अवस्थामा भुक्तानी गरिएको रकम बाँट वास्तविक रुपमा कार्य सम्पन्न भएकै हो भन्न सकिएन ।

९७. **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरण यसप्रकार रहेका छन :

भौ न र मिति	उपभोक्ता समिति	गरेको काम	उ स लाई भुक्तानी	आपुर्तकलाई भुक्तानी
११०।३।२२	पचाईन पोखरी पार्क नि.उ.स.	स्काभेसन चलाएको	१००००००	७२८०००
११२।३।२२	जिम्दार टोल सडक ग्रावेल उ. स.	जे सि वि चलाएको	५०००००	११९३२८
१२८।३।२४	नया कृषि सडक नि. उ. स.	डोजर चलाएको	५०००००	४०९०६०

९८. **जटिल प्रकृतिको काम उपभोक्ता समितिबाट गराएको** ः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले आफुले पाएको काम आफैले सम्पादन गर्नुपर्ने । प्राविधिक ज्ञान एवं विशेष प्रविधि अपनाउनु पर्ने तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम उपभोक्ता समितिमार्फत गराउन नहुने व्यवस्था छ । नगरपालिकाले निर्माण व्यवसायीको सहयोग विना सम्पन्न गर्न नसकिने र सिधै खरिद गर्नुपर्ने काम विभिन्न वडाहरुमा उपभोक्ता समितिमार्फत गराई भुक्तानी दिने गरेको छ । यसोगर्दा निर्माण कामको गुणस्तर कायम हुन नसक्ने, काम अधुरो रहने समेत देखिएको छ । यसका केही उदाहरण निम्नानुसार छन् ।

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
९।०७७।३।२८	मल्हिनिया पोखरी डिप	डिपवोरिग	५०००००	पुनम एण्ड	३८९९८५

		वोरिंग जडान उस	निर्माण		प्रिन्स धनुषा		
					सन साई ट्रेडर्स	२३७२६६	

	संघिय सशर्त अनुदान पुजिगत	
९९.	जम्मा १२ वटा योजनाकोलागि द्धितिय चौमासिकमा रु १ करोड ३६ लाख ३९ हजार र तेस्रो चौमासिकमा रु ९५०० हजार समेत रु २३१३९ हजारको वजेट विनियोजन भएकोमा द्धितिय चोमासिकमा रु २००० हजार र तेस्रो चौमासिकमा रु १७६१३ हजार समेत रु १,९७,४१,७८४।०० (विनियोजितको ८४.७६ प्रतिशत) खर्च गरेको छ । सो खर्चको स्रेस्ता परिक्षण गर्दा देखिएको व्यहोरा निम्नानुसार छ ।	
९९.१.	**बढी डण्डी प्रयोग :** २०-२०७७।०३।३१ स्वास्थय चौकी वेलगाछी अन्तरगत खोप केन्द्र भवन निर्माण कार्यको लागि रु. ४००६०३।१६ को ल.ई. तयार गरी पालिकाले रु. ३८०२४०।०० व्येहोर्ने गरी २०७७।३।१८ मा सम्झौता गरी २०७७।३।२६ मा कार्य सम्पन्न गर्नेगरी कार्यदिश दिएको छ । कार्यालयवाट असार १८ गते कार्यदिश प्राप्त गरेको भएपनि असार १७ देखि २७ गतेसम्म १२ जना ज्यामी लगाई कार्यसम्पन्न प्रतिवेदन अनुसार असार २६ मा रु ४,१६,०५९।९२ मा कार्य सम्पन्न भएको व्यहोरा उल्लेख गरी सम्झौता बमोजिमको रकम भूक्तानी गरेको छ । श्रेस्ता साथ सम्लग्न कार्य सम्पन्न प्रतिवेदन अनुसार Reinforeement को कार्य ९६९.९ के.जी. प्रति केजी रु. ११८।९१ का दरले रु. १,१५,३३०.६९ भुक्तानी भएको छ । संलग्न श्रेष्ता परीक्षण गर्दा ७८० के.जी मात्र डण्डी खरीद गरेको देखियो । खरीद नै नगरेको डण्डी प्रयोग भएको सम्बन्धमा आवश्यक छानविन गरी नापी मा बढी देखाएको १८९.९ केजी को रु. ११८.९१ का दरले बढी भुक्तानी भएको रु. २२,५८१।०० असुल हुनु पर्ने रु	२२५८१।००
९९.२.	**रेट्रो फिटिङ्ग :** १०।२०७७।३।२८ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीको च.नं. १६४ मिति २०७७।३।१४ को पत्रवाट भूकम्पीय सुरक्षा कार्यक्रम संचालनको लागि श्री माध्यामिक (० देखि १२) विद्यालय निगौल, गौशाला न.पा. २ को लागि प्राप्त रु १५ लाख विद्यालयको मिति २०७७।३।२४ को पत्रवाट माग भई आए अनुसार न.पा.को मिति २०७७।३।२५ को निर्णयानुसार रकम फ्रिज नहुन दिनका लागि सम्वन्धित विद्यालयको खातामा रकम पठाई खाता रोक्का गर्ने र कार्य सम्पन्न भए पश्चात फुकुवा गर्ने गरी च.नं. ३१०४ मिति २०७७।३।३० को पत्रवाट बैकलाई पत्र लेखी खाता रोक्का गरेको छ । वर्षान्तमा विद्यालयलाई खाता रोक्का गरी निकासा गरेको रेट्रो फिटीङ्ग वापतको रकमबाट सोही कार्य सम्पन्न गराई कार्यसम्पन्न तथा स्रेस्ता कागजात पेश हुनु पर्ने अन्यथा विद्यालयको खातामा रोक्का रहेको रकम रु १५,००,०००।०० फिर्ता गरि संघिय संचितकोषमा दाखिला हुनुपर्ने रु	१५०००००.००
	स्थानिय सरकारबाट हस्तान्तरीत पूजीगत	
१००.	**रेट्रो फिटिङ्ग र प्रयोगशाला निर्माण** ३।२०७७।३।३१ हस्त लिखित चेकवाट निम्नानुसार विद्यालयलयलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीको च.नं. ४१६ मिति २०७७।३।३० को पत्रवाट स्थानिय तहमा वित्तिय हस्तान्तरण भएको व.उ.शि.नं. ३५०००८०१ विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तरगत थप वजेट निकासा दिएको छ । विद्यालयलाई निकासा भएको सो रकमवाट ल्याव व्यवस्थापन तथा भूकम्पीय सुरक्षा कार्यक्रम संचालन गरेको पुष्टी हुने कागजात विलभरपाई पेश गरेको छैन । पेश्की समेत नजनाई उक्त रकम निम्न विद्यालयको खातामा पठाई खाता रोक्का गर्ने र कार्य सम्पन्न भए पश्चात फुकुवा गर्ने गरी च.नं. ५२ मिति २०७७।३।३१ को पत्रवाट	

बैंकलाई पत्र लेखी खाता रोक्का गरेको छ । वर्षान्तमा विद्यालयलाई खाता रोक्का गरी निकासा गरेको उक्त रकमबाट सोही कार्य सम्पन्न गरेको छ भन्न सकिएन । अतः सम्वन्धित कार्यमा खर्च गरेको भए कार्यसम्पन्न तथा स्रेस्ता कागजात पेश हुनु पर्ने अन्यथा विद्यालयको खातामा रोक्का रहेको निम्नानुसार रकम फिर्ता गरि संघिय संचितकोषमा दाखिला हुनुपर्ने रु ४२,००,०००

सि.नं.	विद्यालयको नाम	रकम
१	त्रिभुवन मा.वि. गौशाला लाई प्रयोगशाला निर्माण	१८०००००
२	राष्ट्रिय मा.वि. कान्तिवजार प्रयोगशाला निर्माण	९०००००
३	श्री मा.वि. रामनगर भूकम्पिय सुरक्षा कार्यक्रम	१५०००००
जम्मा		४२०००००

१०१. स्थानिय सरकारबाट हस्तान्तरीत कार्यक्रमकोलागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ३२४ मिति २०७७।३।१७ बाट सिकाई सहजिकरणकोलागि वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाई सहजीकरण निर्देशिका २०७७ मा उल्लेखित क्रियाकलाप मध्ये विद्यार्थीका लागि अभ्यास पुस्तिका स्वाध्ययन सामाग्री छपाई र वितरण, रेडियो र टेलिभिजन सिकाई सामाग्री विकास र स्थानीय संचार माध्यमसंगको सहकार्यमा प्रसारणको व्यवस्था मिलाउन प्राप्त भएको रु ३ लाख बजेट निम्नानुसार ३ रेडियोबाट कार्यक्रम संचालन गर्न ३ सस्थालाई पेश्की जनाई भुक्तानी गरेको रकमबाट भए गरेको कार्य प्रगती र विलभरपाई पेश गरी पेश्की फछ्र्यौट हुनु पर्दछ ।

सि.नं.	संस्थाको नाम	रकम
१	रेडियो जुनतार १०३.४ मे.ह.	१०००००
२	रुपान्तरण मिडिया १०६.३ मे.ह.	१०००००
३	विकासमा लागि सामुदायिक युवा केन्द्र ९३.६ मे ह.	१०००००
जम्मा		३०००००

प्रदेश सरकारबाट हस्तान्तरीत पूजीगत

१०२. **फलामे डण्डी** : ३।२०७७।३।२५ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात सार्वजनिक निकायमा पेश गर्नुपर्ने छ भन्ने उल्लेख छ । कार्यालय सँग सम्झौता गरी निर्माण कार्य गराएको सार्वजनिक जग्गामा धर्मशाला निर्माण उपभोक्ता समिति वडा १० ले नापी किताव, ठेक्का बिल तथा कार्यसम्पन्न प्रतिवेदनमा उल्लेखित फलामे डण्डीको बिल भरपाई पेश गरेको पाइयो । नापी किताबमा प्रयोग भएको डण्डी र खरिद बिलमा उल्लेखित डण्डीमा एकरुपता नदेखिएबाट पेश भएका बिल भरपाई यथार्थमा आधारीत छन भन्न सकिएन । भगत हार्डवेयर स्टोर्स को विजक ४१२ मिति २०७७।३।३ वाट रु ७०।०० का दरले ७९५५ केजी डण्डी खरिद गरेकोमा नापि कितावमा चढाउदा प्रति के.जी. रु ११८.९१ का दरले ४९९४.४८ केजी मात्र प्रयोग भएको भनी सो कार्य वापत रु ५९३८९३।१६ भुक्तानी गरेको छ । विल भरपाई र कार्य प्रगति (नापि किताव) यथार्थमा आधारीत नभई बढी परिमाणमा डण्डी खरिद गरी घटी परिमाणमा प्रयोग गरेको छ । अत उपभोक्ताले खरिद गरी निज संग वाकी रहेको २९६०.५२ केजी डण्डीका सम्वन्धमा आवश्यक छानविन गरि वढी खरिद गरिएको डण्डी पालिकामा फिर्ता हुनु पर्ने रु २३४१७७।००

१०२.१. त्यस्तै भौ नं ४।२०७७।३।२५ बाट धर्मशाला निर्माण उपभोक्ता समिति वडा ७ ले सोही आपुर्तकको विजक नं ४१० मिति २०७७।३।५ वाट ७९७० केजी डण्डी खरिद गरेकोमा नापि कितावमा ५०५१.२७ केजी प्रयोग भएको देखाएकोले वाकी रहेको २९१८.७३ केजी डण्डीको खरिद दर प्रति केजी रु ७० का दरले फिर्ता हुनुपर्ने रु २०४३११।१०

१०२.२. त्यस्तै भौ नं ५।२०७७।३।२५ बाट चौधरी सामुदायिक भवन निर्माण उपभोक्ता समिति वडा २ ले सोही आपुर्तकको विजक नं ४२६ मिति २०७७।३।२२ वाट ७१३६ केजी खरिद गरेकोमा नापि कितावमा

५०५१.७८ केजी प्रयोग भएको देखाएकोले वाकी रहेको २०८४.२२ केजी डण्डीको खरिद दर प्रति केजी रु ७० का दरले फिर्ता हुनुपर्ने रु — १४५८९५।४०

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम

१०३. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ८ परियोजना सञ्चालन गर्न रु १,९७,५०,०००।०० बजेट प्राप्त भएकोमा रु १,८६,५९,८६०।०० खर्च भई ९४.४८ प्रतिशत वितिय प्रगति प्राप्त भएको देखिन्छ ।

गो.भा.नं. / मिति	आयोजनाको नाम	बजेट रकम रु हजारमा	भुक्तानी (कन्टीजेन्सी ३% बाहेक)	वितिय प्रगति %
५।०३।२७	इन्जिनियरिग क्लेज अधुरो भवन निर्माण	५०००	४६५६०००	९३
१५/३/२७	राषिट्र्य मा.वि. कान्तिबजार	५०००	४६५६०००	९३
३।३।२३	मुन्नि मिश्री आ.मा.वि. भवन निर्माण	१९००	१८४३०००	९७
९/३/२७	मा.वि. रामनगर गौशाला भवन निर्माण	१९९०	१९३०३००	९७
१/३/२३	जनता मा.वि. रजखोर भवन तल्ता थप	२०००	१९४००००	९७
११/३/२७	सरस्वती आ.मा.वि. भन्टाबारी कम्पाउण्ड	१०००	९७००००	९७
७/३/२७	मिरमिरे आ.भु.व्य.मा.वि. कम्पाउण्ड	१०००	९७००००	९७
१३/३/२७	जनता मा.वि. भरतपुर भवन तल्ला थप	१५००	१४५५०००	९७
	प्रशासनिक खर्च	३६०	२३९५६०	६६
		१९७५०	१८६५९८६०	९४

यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१०३.१. **जन श्रमदानको हिस्साः** उपभोक्ता समिति मार्फत कार्य गर्दा सम्झौता बमोजिम कम्तिमा १० प्रतिशत जनश्रमदान व्यहोर्नु पर्नेमा निम्न २ उपभोक्ता समितिले घटी जनश्रमदान व्यहोरेकोले असुल हुनुपर्ने रु — ३०२९१८

गौ भो न र मिति	विवरण	मूल्यांकन रकम	उसले व्यहोर्नु पर्ने	उसले व्यहोरेको	घटी रकम
५।०७७।३।२७	इन्जिनियरिग कलेज अधुरो भवन निर्माण उ.स	४९४१७०९	४९४१७०	२८५७०९	२०८४६१
३।०७७।३।२३	मुन्नी मिश्री आमावि भवन नि. उ. स.	१९४२८२५	१९४२८२	९९८२५	९४४५७
जम्मा					३०२९१८

१०३.२. **आलेप :** ९।०७७।३।२७ मु.अ.करमा दर्ता भएको आपूर्तकले रामनगर मावि निर्माण उसलाई विजक जारी नगरी प्यान विल मात्र पेश गरेको छ भनी आलेपले समेत औंल्याएको । साथै उपरोक्तानुसार योजनाहरुको म्याद थप म.वि.अ. शौर्या साहले गरेको देखियो। योजनाको म्याद थप गर्ने अधिकार कार्यालय प्रमुख वाहेक अन्य कर्मचारिलाई भएनभएको एकिन हुन सकेन।

समानिकरण चालु

१०४. नगरपालिकाले हरेक वडाको कार्यालय संचालन खर्च भनी वडा सचिवलाई मासिक रु २०,००० भुक्तानी गरेको देखिन्छ । नगरपालिका भित्रका १२ वडाको प्रति महिनाको रु २०००० कादरले

	वार्षिक १२ वटै वडाको जम्मा रु २८,८०,०००।०० खर्च भएको देखिन्छ । यसरी वडा सचिवले मासिक कार्यासंचालन खर्च भुक्तानी लिदा विल भरपाईहरु कतिपयमा विल नम्वर मिति प्रयोजन लगायत नखुलेका र व्यक्तिगत प्रकृतिका देखिने खालका समेत खर्चको भुक्तानी दिएको देखिन्छ । भौचर नं. ५३ मिति २०७६।०६।१७ मा वडा नम्वर १० मा सर्टपेन्ट खरीद रु ४१२० को समेत कार्यसंचालन खर्च वापत भुक्तानी लिएको देखिन्छ । मासिक भुक्तानी दिदा समेत वडाको लागि स्टेसनरी सामाग्री नगरपालिकावाट खरिद भएको देखिन्छ । अतः यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।	
१०५.	**गणकको तलव भुक्तानी** गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका २०७५ को दफा ८ वमोजिम तथ्यांक संकलन गर्न गणकहरु र सुपरिवेक्षक जनशक्ति परिचालन गर्न सक्ने व्यवस्था छ । निर्देशिकाकै दफा २२ मा तथ्यांक संकलन गर्दा गणकलाई प्रति दिन ३७५ परिवारको तथ्यांक संकलन गर्ने गरी खटाउनु पर्ने व्यवस्था छ। नगरपालिकाले यस्तो तथ्यांक संकलन गर्न २०७६ फाल्गुण ७ देखि ९ जना गणक र १ जना सुपरिवेक्षक करारमा नियुक्ति गरेको देखिन्छ। ९ जना गणकले प्रति महिना ३७५ का दरले तथ्यांक संकलन गर्दा ४ महिना २४ दिनमा नगरपालिका भित्रको जम्मा घर धुरी संख्या १६०८७ को तथ्यांक संकलन गर्नु पर्ने देखिन्छ। तर यस अवधिमा जम्मा १२६१२ घरधुरीको मात्र तथ्यांक संकलन गरेको छ । तर कार्यालयले यस कार्यकोलागि जम्मा करार सेवा सुल्क रु १०,००,३२७।०० मात्र हुन जान्छ । तर कार्यालयले यस कार्यको निम्ति तलव वापतमात्र रु १३,८८,७८९।०० भुक्तानी गरेको देखिन्छ । यसरी यस कार्यमा आवस्यक्ता भन्दा वढी तलवमै रु ३,८८,४६२।०० वढी खर्च गरेको देखिन्छ । सोही वमोजिम अन्य सुविधा र भत्तामा खर्च वढन गएको देखिन्छ । सार्वजनिक कोषबाट भएको यस्तो खर्चमा नियन्त्रण गरी वढी व्ययभार पारिएको रकम नियमित हुनुपर्ने रु	३८८४६२।००
	कोभिड १९ तर्फ	
१०६.	**वजेट** प्रदेश संचित कोषबाट प्राप्त रु १५ लाख र स्थानिय तहको आफ्नै वजेटबाट रु ९६ लाख ६२ हजार संघिय कोभिड कोषवाट रु २ लाख ९७ हजार र अन्य श्रोतवाट रु ५० हजार समेत रु १ करोड १५ लाख ९ हजार मध्ये यस वर्ष राहत वितरणमा रु ३४ लाख ११ हजार, क्वारेन्टाइन होल्डिग सेन्टर निर्माण व्यवस्थामा रु ५ लाख ७६ हजार, औषधी एवम स्वास्थ्य उपकरण तथा सामाग्री खरिदमा रु ८ लाख ४९ हजार, जनशक्ति परिचालनमा रु ९० हजार, क्वारेन्टाइनमा रहेकालाई खाना खर्च रु ३६ लाख ६३ हजार समेत रु ८५ लाख ८९ हजार खर्च गरी रु २९ लाख २० हजार वचत गरेको हिसाव विवरण पेश गरेको छ । उक्त खर्च गर्दा कार्यालयले कोभिड कोष खडा गरेको छ।	
१०७.	**क्वारेन्टाइन संचालन** : प्राप्त विवरण अनुसार ३५० वेडको क्वारेन्टाइन होल्डिग सेन्टर व्यवस्थापनमा रु ५ लाख ७६ हजार खर्च भएको विवरण पेश गरेको छ । १४ स्थानमा ३५० वेडमा दैनिक रुपमा वसेको अधिकतम संख्या ४० र असाढ मसान्तसम्ममा वसेको कुल संख्या ६६३ जनाको लागि व्यवस्थापन तथा खानाखर्चमा रु ४३ लाख ३९ हजार भुक्तानी भएको छ ।	
१०८.	**जोखिम भत्ताः** कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष १०४ स्थास्थ्यकर्मीलाई १०० र ७५ प्रतिशतका दरले रु २८ लाख १५ हजार जोखिम भत्ता वापतको रकम भुक्तानी गरेको छ ।	
१०९.	**औषधी खरिदः** पालिकाले पेश गरेको विवरण अनुसार रु ८ लाख ४९ हजारको विभिन्न ७ आइटम औषधी स्वास्थ्य सामाग्री एवम उपकरण खरिद गरेको छ । त्यस्तै थर्मल गन १२ सेट हैण्डसेनिटाइजर ३५० वोटल, सर्जिकल मास्क ५५०० वटा र ह्याण्ड ग्लोव ५०० पिस विभिन्न संस्थाबाट प्राप्त भएकोमा सो कति मूल्यको भन्ने उल्लेख छैन ।	
११०.	**राहत वितरण** १२ वटा वडा रहेको यस पालिकाले ३४६२० जनसंख्यालाई कभर गर्ने गरी ६९३० लाभग्राही परीवारलाई चामल लगायत ७ आइटम सामाग्री वितरण गर्न रु ३४ लाख ११ हजार खर्च	

गरेको छ । सो खर्च मध्ये रु ७९ हजार यातायत तथा भाडामा खर्च गरी कुल रु ३३ लाख ३२ हजारको राहत सामाग्री वितरण गरेको छ ।

१११. **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ८० मा सरकारी कामकाजको निमित्त एक आर्थिक वर्षमा गएको पेश्की सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्कीको नामेसीसहित के वापत पेश्की गएको हो पेश्की खातामा जनाई पेश्की फछ्र्यौट गर्नु पर्ने व्यव्सथा नियमावलीमा छ । सो अनुसार हालसम्म फछ्र्यौट नगरेको निम्नानुसार पेश्की रकम नियमावली अनुसार फछ्र्यौट गर्नुपर्ने देखिएको रु. ६२०३०९०

क.स	कार्यक्रम	पेश्की पाउनेको नाम	पेश्कीको प्रयोजन	पेश्की रकम रू
१	केन्द्रिय राजस्व बाँडफाड	चन्द्रकला साह	कार्यलयको पानी तथा बिजुली महसुल तिर्न	१५००००
२	केन्द्रिय राजस्व बाँडफाड	देव नारायण महतो	गाडीको बिमा तथा नविकरण	१०००००
३	केन्द्रिय राजस्व बाँडफाड	शेराजुल शेख	विविध खर्च	२५०००
४	केन्द्रिय राजस्व बाँडफाड	उमा कान्त महतो वडा सचिव	विविध खर्च	२५०००
५	केन्द्रिय राजस्व बाँडफाड	श्याम नन्दन महतो	सवारी साधन मर्मत दमकल	३५००००
६	केन्द्रिय राजस्व बाँडफाड	चन्द्रमान श्यांबो	सवारी साधन मर्मत	१०००००
७	केन्द्रिय शर्सत	रेडियो जुनतारा	बैकल्पिक शिक्षा रेडियो मार्फत	१०००००
८	केन्द्रिय शर्सत	रूपान्तरण मेडिया	बैकल्पिक शिक्षा रेडियो मार्फत	१०००००
९	केन्द्रिय शर्सत	विकासका लागी सामुदायिक केन्द्र	बैकल्पिक शिक्षा रेडियो मार्फत	१०००००
१०	केन्द्रिय समानीकरण	जनता आ.वि.कश्माडी	शैक्षिक सामग्री खरिद	१०००००
११	केन्द्रिय समानीकरण	जनता आ.वि.बेलगाछी	शैक्षिक सामग्री खरिद	१०००००
१२	केन्द्रिय समानीकरण	विरेन्द्र मा.वि. बेलगाछी	शैक्षिक सामग्री खरिद	१०००००
१३	केन्द्रिय समानीकरण	सरस्वती आ.वि. भण्टाबारी	शैक्षिक सामग्री खरिद	१०००००
१४	केन्द्रिय शर्सत	गौशाला झुलुंगे पुल नि.उ.समिति	झुलुंगे पुल निर्माण उपभोक्ता समिति	२७०४०९०
१५	केन्द्रिय समानीकरण	इश्वर कुमार निराला वडा सचिव	नस्ल सुधार गर्न बोका खरिद गर्न	५०००००
१६	प्रकोप व्यवस्थापन	शेख मो. जलिल वडा अध्यक्ष	क्वारेन्टाइन व्यवस्थापन	१५००००
१७	प्रकोप व्यवस्थापन	बद्री नारायण श्रेष्ठ वडा अध्यक्ष	क्वारेन्टाइन व्यवस्थापन	१०००००
१८	प्रकोप व्यवस्थापन	नथुनी राउत वडा अध्यक्ष	क्वारेन्टाइन व्यवस्थापन	१०००००
१९	प्रकोप व्यवस्थापन	भीम बहादुर राणा वडा अध्यक्ष	क्वारेन्टाइन व्यवस्थापन	१०००००
२०	प्रकोप व्यवस्थापन	किसुनदेव कुमर वडा अध्यक्ष	क्वारेन्टाइन व्यवस्थापन	१०००००
२१	प्रकोप व्यवस्थापन	राम कुमार यादव वडा सचिव	राहत वितरण	४६४४००
२२	प्रकोप व्यवस्थापन	राम नरेश यादब वडा सचिव	राहत वितरण	१६५६००
२३	प्रकोप व्यवस्थापन	इश्वर कुमार निराला वडा सचिव	राहत वितरण	३६९०००
			जम्मा रकम रू	**६२०३०९०**

११२. **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा रु २,४५,१२६।०३ सम्परीक्षण भएको छ ।

११२.१. यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

सि.नं.	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	फछ्र्यौटको आधार				सम्परीक्षण
				असुली	प्रमाण	नियमित	पेश्की	
१	२०७५।०७६	५७	विल भन्दा वढी भुक्तानी	४१७४				४१७४
२	२०७५।०७६	११८	भ्रमण खर्च वापत वढी भुक्तानी	८५०				८५०
३	२०७५।०७६	११९	यातायात खर्च वढी भुक्तानी	५००				५००
४	२०७५।०७६	१२६	दोहोरो भत्ता भुक्तानी	१९०९५				१९०९५
५	२०७५।०७६	८६	जिल्ला दररेट भन्दा वढी भुक्तानी	६२८०४।०३				६२८०४।०३
६	२०७५।०७६	१२३	नपाउने चाड पर्व खर्च आशादेवी पासवान	६९३०				६९३०
७	२०७५।०७६	"	नपाउने चाड पर्व खर्च राम गुलाम महत्तो	६९३०				६९३०
८	२०७५।०७६	"	नपाउने चाड पर्व खर्च राम गुलाम साह	६९३०				६९३०
९	२०७५।०७६	१२२	नपाउने पारिश्रमिक अनुपियादेवी राउत लाई भुक्तानी	७३६६				७३६६
१०	२०७५।०७६	१२३	चाड पर्व खर्च अनुपियादेवी राउत	२१७८०				२१७८०
११	२०७५।०७६	१२२	नपाउने पारिश्रमिक कृष्ण वहादुर विश्वकर्मा	८९४६				८९४६
१२	२०७५।०७६	१२२ र १२३	चाड पर्व खर्च कृष्ण वहादुर विश्वकर्मा	२१७८०				३०७२६

१३	२०७५।०७६	१२३	नपाउने चाड पर्व खर्च	६९३०				६९३०
१४	२०७५।०७६	"	नपाउने चाड पर्व खर्च	६९३०				६९३०
१५	२०७५।०७६	१२७	इन्धनको विल वेगरेको भुक्तानी संजय साह तेली	५६४०				५६४०
१६	२०७५।०७६	१२३	नपाउने चाड पर्व खर्च मैमुन चुरौटनी	६९३०				६९३०
१७	२०७५।०७६	५४	सुनिता थापा वढी ग्रेड भुक्तानी	५०००				५०००
१८	२०७५।०७६	१२२	कटी नगरेको पारिश्रमिक कर सुमिरा तिमल्सिना	७३६६				७३६६
१९	२०७५।०७६	१२३	नपाउने चाडपर्व खर्च भुक्तानी सुमिरा तिमल्सिना	२१७८०				२१७८०
२०	२०७५।०७६	१२३	नपाउने चाडवर्व खर्च भुक्तानी देवकुमारी रेग्मी	६९३०				६९३०
२१	२०७५।०७६	५९	ठेली न ८८०१ देखि ८८५० सम्मको		९५३५			९५३५
			जम्मा	२३५५९१।०३	९५३५			२४५१२६।०३

११२.२. **संचित कोष तथा वेरुजुको स्थितिः** पालिकाको संचित कोषको विवरण, वेरुजु (विनियोजन, राजश्व, धरौटी र अन्य कारोवार) बर्गिकरण र अद्यावधिक वेरुजुको स्थिति क्रमशः अनुसुची -१, अनुसुची -२ र अनुसुची - ३ मा समावेश गरिएको छ ।

स्थानिय तह संचितकोष विवरण

२०७६/७७

अनुसूचि १

रु हजारमा

सि.न.	स्थानियतह	जिल्ला	आय									व्यय				मौज्दात
			लेखापरीक्षण रकम	बेरुजु रकम	बेरुजुप्रतिशत	गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँड रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	
						१	२	३	४	५	६(२+३+४+५)	७	८	९	१०(७+८+९)	११(१+६-१०)
१	गौशाला नगरपालिका	महोत्तरी	१४२७७१७	१८७९२०	१३.१६	१६१०९६	४२७८७४	८३१८७	२६९५९	२५४२८७	७९२३०७	१०८१३१	९९१६९	४२८११०	६३५४१०	३१७९९३

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७६/७७

अनुसूची-२

(रु हजारमा)

सि.न.	स्थानियतह को नाम	जिल्ला	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजु			बाँकी बेरुजु									
			दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	गौशाला नगरपालिका	महोत्तरी	६३	७०	१८७९२०	०	०	०	६३	७०	१८७९२०	१०६२०	१२५१७	१५८५८०	०	०	१७१०९७	१७४९	४४५४	६२०३

अधावधिक बेरुजु स्थिति

२०७६/७७

अनुसूची-३

(रु हजारमा)

क्र.स.	स्थानियतहको नाम	जिल्ला	गत बर्ष सम्मको बाँकी बेरुजु	समायोजन	गत वर्षसम्मको यथार्थ बाकीं वेरूजु	सं प को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको बाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु मध्ये पेश्की
१	गौशाला नगरपालिका	महोत्तरी	२२४१५१	१८५३५	२४२६८६	२४५	२४५	०	०	२४२४४१	१८७९२०	४३०३६१	२९७७२